**आस्था बचत तथा ऋण सहकारी संस्था लि.**

बोलाछेँ-४, भक्तपुर, फोन नं. ०१-६६१६९०४

**अठारौं वार्षिक साधारणसभाबारे सूचना**

यस संस्थाको अठारौं वार्षिक साधारणसभाको निमन्त्रणा सम्पूर्ण शेयर सदस्यहरूलाई पठाइसकेको छ । कारणवस निमन्त्रणा नपुगे यसै सूचनालाई आधार मानी उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८२ मङ्सिर १३ गते, शनिबार

**उपस्थिति पुस्तिका खुला समय** : बिहान ९:३० बजेदेखि ११:३० बजेसम्म

**छलफल सेसन** : बिहान १०:०० बजे (ठीक समयमा पुग्नुहोला ।)

**स्थान** : सूर्यविनायक पार्टी भेन्यू, गपली, भक्तपुर-४

*सञ्चालक समिति*



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com



**मानवअधिकारको सम्मान गरौं ।**

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३१० ★ ने. सं. ११४६ थिंला थ्व, अष्टमी ★ शुक्रबार ★ १२ मङ्सिर, २०८२ ★ November 28, 2025, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


# सैन्यवादलाई पुनःजीवित पारेमा खतरनाक अवस्थामा पुगिने




पेइचिङ, ११ मङ्सिर (सीआरआई) । जापानी राजनीतिक क्षेत्रको दक्षिणपन्थी शक्तिको प्रतिनिधि व्यक्तिको हैसियतले जापानी प्रधानमन्त्री ताकाइची सानाइले सैन्यवादी विचारधाराको प्रभावमा जापानको सशस्त्रीकरण र संविधान संशोधनलाई प्रवर्द्धन गर्ने खतरा रहेको छ । उहाँको सो कदमबाट जापानले सम्भवतः बितेको शताब्दीको फासीवादी अपराध दोहोऱ्याउने र सैन्यवादको खतरनाक अवस्थामा पुग्ने देखिन्छ ।

हालै जापानका प्रधानमन्त्री ताकाइची सानाइले चीन सम्बन्धमा गलत भनाइ व्यक्त गरेपछि चीनले धेरै पटक कडा विरोध व्यक्त गरे तापनि जापानले गलत भनाइ फिर्ता लिन अस्वीकार गरिरहेको छ । यसबाट जापानका केही दक्षिणपन्थी र पुनरूत्थानवादी शक्तिबाट सैन्यवादको पुनःउत्थानलाई अघि बढाउने खतरनाक सङ्केत देखाइएको छ ।

यस वर्ष विश्वका विभिन्न ठाउँका मानिसहरूले विविध तरिकाबाट भव्य रूपमा विश्व फासिस्टविरोधी युद्ध विजयको ८० औं वार्षिकोत्सव मनाएका छन् । आजको विश्वले जापानी सैन्यवादको पुनःउत्थान अस्वीकार गर्नुका साथै कुनै पनि व्यक्ति र शक्तिले दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय प्रणाली र विश्व शान्ति र स्थिरतामा क्षति पुऱ्याउने खालका कुनै पनि विषयलाई अस्वीकार गर्दछ ।

प्राप्त जानकारीअनुसार, जापानको विपक्षी दलका नेताले सत्तारूढ पार्टी र विपक्षी दलका नेताबिच बहसबारे टिप्पणी गर्दै ताकाइची सानाइले ठोस उदाहरणको रूपमा सोही विषय प्रयोग नगरेकोले अघिल्लोपटक व्यक्त धारणा फिर्ता लिएको जस्तै भएको बताएका छन् । सो विषयमा नोभेम्बर २७ तारिख आयोजित पत्रकार सम्मेलनमा एक पत्रकारले चीनले यो भनाइलाई स्वीकार गर्ने कि नगर्ने भनेर प्रश्न सोधेका थिए ।

उक्त प्रश्नको जवाफ दिँदै चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता को च्याखुनले जापानी प्रधानमन्त्री ताकाइची सानाइको गलत अभिव्यक्तिले चीन-जापान ४ राजनीतिक दस्ताबेजको भावनाको गम्भीर रूपमा उल्लङ्घन भएको र चीन-जापान सम्बन्धको राजनीतिक आधारलाई नष्ट गरेको बताउनुभयो । जापानी प्रमको अभिव्यक्ति र नीतिले चिनियाँ जनताको तीव्र रोष निम्त्याएको छ । उहाँले भन्नुभयो, 'फेरि उल्लेख नगर्ने' र 'गलत अभिव्यक्ति फिर्ता लिने' बिच पूर्ण रूपमा भिन्नता छ । जापानले 'फेरि उल्लेख नगर्ने' मार्फत प्रधानमन्त्री ताकाइची सानाइको गम्भीर गलत अभिव्यक्ति र नीतिलाई कम मूल्याङ्कन र ढाकछोप गर्न खोजेको छ । यो आफैंले आफैंसँग कुरा गरेजस्तो हो र यसलाई चीनले कहिल्यै स्वीकार गर्दैन ।

**भियतनामको परराष्ट्र मन्त्रालयद्वारा एक चीनको सिद्धान्तलाई पुनः समर्थन**

नोभेम्बर २७ मा भियतनामी परराष्ट्र मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा, प्रवक्ता फाम थुहाङले भियतनामले सधैं एक चीन सिद्धान्तको समर्थन गर्दै आएको दोहोऱ्याउनुभएको छ ।


*बाँकी पृष्ठ ८ मा*


# टेलिभिजनसम्बन्धी १५ दिने क्षमता अभिवृद्धि तालिमबारे अभिमुखीकरण




भक्तपुर, ११ मङ्सिर । भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप टेलिभिजनको आयोजनामा टेलिभिजनसम्बन्धी १५ दिने अभिमुखीकरण तालिम बिहीबार प्रशिक्षार्थीबिच सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सञ्चारमाध्यम प्रचारको शक्तिशाली हतियार भएको हुँदा भक्तपुर नगरपालिकाले सञ्चारमाध्यमलाई सशक्त ढङ्गले उपयोग गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले 'भक्तपुर' मासिक पत्रिका, नेपालभाषामा 'ख्वप पौ', 'ख्वप टीभी', 'ख्वप सः', भक्तपुर म्युनिसिपालिटी फेसबुक पेज, वेभसाइटलगायतबाट नपाका गतिविधिहरू जनतासमक्ष पारदर्शी गर्दै आएको जानकारी दिँदै उहाँले सत्यतथ्य सूचना प्रवाहमा सञ्चारमाध्यम लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित शिशुस्याहार केन्द्र, शैक्षिक संस्था, ख्वप अस्पताल, स्थानीय पाठ्यक्रम, शैक्षिक ऋण, घरदैलो नर्स कार्यक्रम देशमै उदाहरणीय रहेको छ । दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न सीपमूलक तालिम सञ्चालनमा जोड दिइरहेको छ, प्रमुख प्रजापतिले भन्नुभयो ।


*बाँकी पृष्ठ ८ मा*



**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**योमारी उत्सवसम्बन्धी सूचना**

ऐतिहासिक एवम् सांस्कृतिक उत्सव योमारी पूर्णिमाको अवसरमा यस नगरपालिकाको आयोजनामा योमारी उत्सव गर्ने जानकारी गराउँदै उत्सवमा योमारी प्रदर्शनी तथा प्रतियोगिता हुने हुँदा इच्छुक व्यक्ति/संस्था/समूहलाई सम्बन्धित वडा कार्यालय वा भ.न.पा. प्रशासन शाखामा कार्यालय समयमा मिति २०८२ मङ्सिर १५ गतेभित्र नाम दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**योमारी उत्सव गर्ने मिति : २०८२ मङ्सिर २० गते, शनिबार**



**सांस्कृतिक ऱ्याली सुरु हुने**

**स्थान** : इनागः, भ.न.पा.१

**समय** : दिनको १:०० बजे

**योमरी उत्सव हुने स्थान** : दत्तात्रय, भ.न.पा.९

**समय** : दिनको २:०० बजे



**योमारी प्रतियोगितासम्बन्धी नियमहरू :**

१) प्रतियोगितामा सहभागी हुन चाहने नगरवासी व्यक्ति, संस्था, समूहले दर्ता शुल्क रु.१००।- तिरी नगरपालिकाको प्रशासन शाखा, ब्यासी वा सम्बन्धित वडा कार्यालयमा मिति २०८२ मङ्सिर १५ गतेभित्र कार्यालय समयमा दर्ता गर्नुपर्ने ।

२) प्रत्येक प्रतियोगी टोलीले न्यूनतम ८ इन्च उचाइको बढीमा ३ वटासम्म योमारी बनाई प्रदर्शन गर्नुपर्ने

३) योमारी बनाउन आवश्यक सामग्रीहरूको व्यवस्था प्रतियोगी आफैले गर्नुपर्ने ।

४) योमारी मौलिक शैलीको हुनुपर्नेछ ।

५) मूल्याङ्कनकर्ताहरूबाट हुने मूल्याङ्कनको आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई देहायबमोजिम रकम पुरस्कार प्रदान गरिने छ ।

- प्रथम पुरस्कार - रु. १०,०००/-
- द्वितीय पुरस्कार - रु. ७,५०० /-
- तृतीय पुरस्कार - रु. ५,०००/-
- सान्त्वना पुरस्कार - रु. ३०००/- (दुई टोलीलाई)

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**विद्यालयस्तरीय खेलकुद प्रतियोगितासम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ मङ्सिर २५ देखि पुस १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका खेलहरू तपसिलबमोजिमको स्थानमा हुने भएकोले भक्तपुर नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूले सहभागी गराउनुहुन अनुरोध छ ।

| खेल | खेल हुने स्थान |
|---|---|
| भलिबल/एथ्लेटिक्स | १ नं. वडा कार्यालय |
| टेबल टेनिस | २ नं. वडा कार्यालय |
| उसु/पोर्टबल | ३ नं. वडा कार्यालय |
| कबड्डी | ४ नं. वडा कार्यालय |
| तेक्वान्डो | ५ नं. वडा कार्यालय |
| बुद्धिचाल/बाघचाल/कसिमला पाँय् | ६ नं. वडा कार्यालय |
| फूटबल | ७ नं. वडा कार्यालय |
| ब्याडमिन्टन/जिम्नास्टिक | ८ नं. वडा कार्यालय |
| कराँते | ९ नं. वडा कार्यालय |
| खो खो | १० नं. वडा कार्यालय |

**नोट** :

- कसिमला पाँय् र बाघचाल खेलमा कक्षा १ देखि ५ (छात्र २ जना/छात्रा २ जना) र कक्षा ६ देखि १० सम्म (छात्र २ जना/छात्रा २ जना)
- सहभागी विद्यालयहरूले मिति २०८२ मङ्सिर १९ गतेभित्र खेल आयोजना हुने वडाहरूमा खेलाडी दर्ता फाराम दर्ता गर्नुहुन ।

# नगर प्रमुख प्रजापतिद्वारा तालाक्व दम्फोमा अवस्थित फल्चा (पाटी) शिलान्यास




भक्तपुर, ११ मङ्सिर। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिहीबार भक्तपुर नपा वडा नं. ४ तालाक्व दम्फोमा अवस्थित फल्चा (पाटी) पुन:निर्माणको लागि शिलान्यास गर्नुभयो।

नगर प्रमुख प्रजापतिले स्थानीय जनताको आर्थिक र भौतिक सहयोगमा फल्चा पुन:निर्माण कार्य गुणस्तरीय ढङ्गले छिटो सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले भूकम्पले भत्केका र जीर्ण अवस्थामा रहेका धेरै फल्चाहरूको पुन:निर्माण सम्पन्न गरिसकेको बताउँदै उहाँले विदेशी सहयोगबिना भक्तपुरका सम्पदाहरू जस्ताको तस्तै ठडिएको कारण भक्तपुरको शान बढेको बताउनुभयो।

नगरवासीहरूको आर्थिक जीवनस्तर उकास्न पर्यटन प्रवर्द्धनमा जोड दिँदै आएको बताउँदै उहाँले जनतालाई जनश्रमदानको लागि प्रेरित गर्नुभयो।

नेपाल भ्रमण गर्ने पर्यटकमध्ये २५-३० प्रतिशत पर्यटक भक्तपुर भ्रमण गर्ने तथ्याङ्क प्रस्तुत गर्दै उहाँले भक्तपुरबारे अन्तर्राष्ट्रिय जगत्मा राम्रो प्रचारप्रसार भइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले फल्चा निर्माणको ऐतिहासिक र सांस्कृतिक पक्षमाथि प्रस्ट पार्दै नगरपालिकाले भक्तपुरका मूर्त तथा अमूर्त सम्पदा संरक्षण र नयाँ पुस्तालाई पुस्तान्तरण गर्ने काम गर्दै आएको बताउनुभयो।

तालाक्व दम्फो पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष उद्धव प्रजापतिले पाटी पुन:निर्माणमा सबै वडावासीहरूको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो।

तालाक्व दम्फो पुन:निर्माण उपभोक्ता समितिका सदस्य मदनकृष्ण श्रेष्ठ र स्थानीय तुल्सीराम सुवालले पनि बोल्नुभएको थियो।

# सुन र नगद लुटपाट गरेको आरोपमा चारजना पक्राउ

काठमाडौँ, ११ मङ्सिर। नेपाल प्रहरीले काठमाडौँको तारकेश्वर नगरपालिकास्थित नेपालटारबाट सुन र नगदसहित विभिन्न सामान लुटपाट गरेको आरोपमा चार जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँबाट खटिएको प्रहरी टोलीले बैङ्कमा काम गर्ने महिला कर्मचारीको साथबाट सुन, नगद र विभिन्न सामान लुटपाट गर्ने उनीहरूलाई पक्राउ गरी आज सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा स्याङ्जा घर भई तारकेश्वर बस्ने २७ वर्षीय ईश्वर बुढाथोकी, नुवाकोट घर भई तारकेश्वर बस्ने २० वर्षीय बिशाल राई, नुवाकोटको १८ वर्षीय साजन तामाङ र नुवाकोटकै १९ वर्षीय समिर तामाङ रहेका छन्। उनीहरूले गत मङ्सिर ८ गते महिलालाई लुटपाट गरी फरार रहेको आरोप छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले साँझको समयमा हिँडेर घर फर्किने क्रममा महिलाको साथमा रहेको नगद, सुन, बैङ्कका चाबी, मोबाइल सेट र महत्त्वपूर्ण कागजातसहितको झोला लुटपाट गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

उनीहरूले मोटरसाइकलबाट आएर लुटपाट गरी भागेका थिए। पक्राउ परेकासँग प्रहरीले मोबाइल, चाबीको झुप्पो लगायतका सामानसहित १२ दशमलव ६३० ग्राम सुनको झुम्का, ७ दशमलव ८ लालको सुनको टप, रु. दुई हजार ५०० नगद बरामद गरेको छ।

पक्राउ परेका चारैजनालाई जिल्ला अदालत काठमाडौँबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। ***रासस***

# वागीश्वरीमा १२१ जनाले गरे रक्तदान

भक्तपुर, ११ मङ्सिर। 'प्रविधिको सही प्रयोग गरौँ : लैङ्गिक हिंसा अन्त्य गरौँ' नाराका साथ लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा वागीश्वरी कलेज, वागीश्वरी कलेज अफ म्यानेज्मेन्ट र वागीश्वरी माध्यमिक विद्यालयको आयोजना र नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार सेवा भक्तपुरको प्राविधिक सहयोगमा विद्यालयको परिसरमा बिहीबार एक बृहत् रक्तदान कार्यक्रम सम्पन्न भयो।

वागीश्वरी कलेज अतिरिक्त क्रियाकलाप समितिका संयोजक मङ्गलेश्वर ध्वजूका अनुसार रगतको चरम अभावको समयमा कक्षा ११, १२ का व्यवस्थापन, विज्ञान, प्राविधिक धार र कलेजका व्यवस्थापन, मानविकी, शिक्षक, कर्मचारी र शुभचिन्तक गरेर जम्मा १२१ जनाले रक्तदान गरे।

रक्तदानपश्चात् वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा र वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले रक्तदाता महानुभावहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

# लैङ्गिक समानता समाजको न्याय र विकासको आधार

**- कमल खत्री, प्रशिक्षार्थी।**

लैङ्गिक समानता भन्नाले महिला र पुरुष दुबैले समान अवसर, अधिकार र सम्मान पाउनुपर्ने अवस्थालाई जनाउँछ। समाजमा सबैले समान अधिकार पाउनु आवश्यक छ भन्ने सोच विकास हुँदै गएको छ। नेपालमा महिलाको शिक्षा, रोजगारी र राजनीतिक सहभागितामा वृद्धि भएको छ। विद्यालय र विश्वविद्यालयमा छात्राहरूको सङ्ख्या बढेको छ। महिलाहरू विभिन्न क्षेत्रको नेतृत्वको भमिकामा पनि देखिन थालेका छन्।

यद्यपि, लैङ्गिक असमानता पूर्ण रूपमा हटेको छैन। महिलाहरूले समान कामको लागि समान पारिश्रमिक नपाउने, घरेलु हिंसा र सामाजिक भेदभावजस्ता चुनौतीहरू अझै भोग्नुपर्छ। यसका साथै निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व सीमित छ।

सामाजिक संस्था, महिला अधिकार सङ्गठन र सहकारी निकायहरूले जनचेतना फैलाउने , कानुनको संरक्षण सुनिश्चित गर्ने र समुदायमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने काममा जोड दिएका छन्। पुरुषलाई पनि समानतामा सहयोग गर्न उत्प्रेरित गर्ने प्रयासले सकारात्मक परिणाम ल्याइरहेको छ। विशेषज्ञहरू भन्छन् कि लैङ्गिक समानता महिला अधिकारको सवाल मात्र होइन, समाजको सामाजिक र आर्थिक विकासका लागि पनि अत्यन्त महत्त्वपूर्ण छ। समानतामा आधारित समाजमा शिक्षा, स्वास्थ्य र आर्थिक अवस्था सुधार हुने देखिन्छ। समाजका सबै तहका मानिसहरूले मिलेर काम गर्दा मात्र लैङ्गिक समानता व्यवहारमा आउँछ। यसले समाजलाई न्यायपूर्ण, समृद्ध र बलियो बनाउँछ।

# भावपूर्ण श्रद्धा सुमन

जन्म
१९९४/०१/१५



निधन
२०८०/०९/०४

काशीबहादुर त्वानाबासु

हामीहरूका प्रातः स्मरणीय पिता, ससुरा बा, बाजे, जिजुबाजे **काशीबहादुर त्वानाबासु**को ८७ वर्षको उमेरमा ब्रह्मलीन हुनुभएको आज दोस्रो वार्षिकी (न्येदाया तिथि) को पुण्य अवसरमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय पिताप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछौं।

**छोरा/बुहारी**

आशाकाजी/ईन्द्रमाया त्वानावासु
केशव/गणेशलक्ष्मी त्वानावासु
सानुकाजी/रामकेशरी त्वानावासु
विश्वराम/पवित्रा त्वानावासु
दशराम/रोशना त्वानावासु

**छोरी/ज्वाइँ**

छोरीमैया त्वानावासु/हरी बोहजु

**नाति/नातिनि/बुहारी**

अशोक त्वानाबासु/मिना त्वानावासु बस्नेत
अन्जान त्वानावासु/नेहा त्वानावासु डंगोल
साइरन त्वानावासु
सिम्रन त्वानावासु
प्रिन्स त्वानावासु
रोजज त्वानावासु
सेलेस्ती त्वानावासु
शिरिश त्वानावासु
प्रिन्सा त्वानावासु
सेलेस्त त्वानावासु
सेलेस्तीना त्वानावासु

**नातिनि/ज्वाइँ**

अनु त्वानावासु मिलन भोभी
रेनु त्वानावासु/संजय मुनंकर्मी
रोजिना त्वानावासु/अयास श्रेष्ठ
रेना त्वानावासु/मनिस पलान्चोके
सरोज बोहजु/कविता जाकिबन्जार
सरु बोहजु/रोजन माकजु

**पनातिनिहरू**

सेफानी त्वानावासु
सायरा माकजु
मार्लिसा भोमी
आरोन भोमी
आयना श्रेष्ठ
आरिया श्रेष्ठ
सिरज बोहजु
कृसु बोहजु
राया पलान्चोके

## सङ्क्षिप्त समाचार

# सहुलियतको चामल बिक्री घट्यो

गोरखा, ११ मङ्सिर । एक वर्षअघिसम्म सरकारी गोदामको चामल हारालुछ हुने उत्तरी गोरखाको सिर्दिबासमा यस वर्ष गोदाममै थुप्रिएको छ ।

सिर्दिबाससम्म मोटरबाटो पुगेपछि स्थानीयले सरकारी गोदामको भन्दा पसलको चामल उपभोग गर्न थालेकाले कम्पनीको चामल गोदाममै थुप्रिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय गोरखाकी प्रमुख रञ्जना केसीले बताउनुभयो । गत वर्ष यहाँ दुई हजार क्वीन्टल चामल बिक्री भएको थियो । यस वर्ष हालसम्म जम्मा ६०० क्वीन्टल चामल बिक्री भएको केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विगतमा माग धान्न गाह्रो थियो । तर, यस वर्ष पहिलोपटक सिर्दिबास डिपोको चामल कम बिक्री भएको छ ।"

कम्पनीको सिर्दिबास डिपोमा झन्डै ५० प्रतिशत बिक्री दर घटेको कम्पनीले जनाएको छ । उपभोक्ताले खाद्यको गुणस्तरीय चामलभन्दा बजारमा पाइने सर्वसुलभ सस्ता चामल रोजेकाले बिक्रीदर घटेको प्रमुख केसीको भनाइ छ । खाद्य कम्पनीले उत्तरी गोरखाको चुम्लिङ्ग र नाम्डुङ्मा पनि बिक्री केन्द्र स्थापना गरेकाले सिर्दिबास डिपोमा बिक्री कम भएको हुनसक्ने प्रमुख केसी बताउनुहुन्छ । खाद्यको सदरमुकामस्थित शाखा कार्यालयको चामल बिक्री पनि घटेको छ । सदरमुकामको डिपोबाट जिल्ला कारागार र सर्वसाधारणलाई गरी वार्षिक १६ देखि १८ सय क्वीन्टल चामल बिक्री हुने गरेको थियो । कार्यालयले सोना मन्सुली चामल प्रतिकेजी रु. ६५ रूपैँयामा र स्टीम जिरा मसिनो चामल प्रतिकेजी ९० र डिपो सिर्दिबास तथा बिक्री केन्द्र चुम्लिङ र नाम्डुमा प्रतिकेजी ९२ रूपैँयाका दरले बिक्री गर्दै आएको छ । ***रासस***

# अतिक्रमित घर टहरा हटाउन सुरु

नेपालगञ्ज, ११ मङ्सिर । रत्न राजमार्ग आसपासमा अतिक्रमण गरी बनाइएका घर टहरा नेपालगञ्ज उपमहानगरपालिकाले बिहीबारदेखि हटाउन सुरु गरेको छ । उपमहानगरले बिपीचोकबाट धम्बोझी चोकसम्म राजमार्गदेखि २१ मिटरभित्रका घर टहरा हटाउन सुरु गरेको हो । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले त्यस क्षेत्रमा अपाङ्गमैत्री संरचना निर्माणका लागि ठेक्का सम्झौता भइसकेकाले अतिक्रमण हटाउन सुरु गरिएको जानकारी दिनुभयो । उहाँले हरियाली प्रवर्द्धन गर्न रुख बिरुवासमेत रोपिने उल्लेख गर्दै डेढवर्षमा गणेशमान चोकदेखि बिपीचोक र धम्बोझी चोकदेखि पुष्पलाल चोकसम्म पूर्वाधार निर्माण गरिने बताउनुभयो ।

रु. ४९ लाख ५० हजारमा सो ठेक्का लगाइएकाले हाल बिपीचोकदेखि धम्बोझी चोकसम्म अतिक्रमण हटाइने उहाँको भनाइ छ । उपमहानगरले यसअघि सार्वजनिक सूचना जारी गर्दै अतिक्रमण गरेका जग्गा खाली गर्न आग्रह गरेको थियो । ***रासस***

# औषधि ऐन संशोधन अव्यावहारिक भयो : औषधि व्यवसायी

विराटनगर, ११ मङ्सिर । कोसी प्रदेशका औषधि व्यवसायीले औषधि ऐन, २०३५ मा भएको संशोधनका केही प्रावधान व्यावहारिक नभएको भन्दै यसको खारेजीको माग गरेका छन् । व्यवसायीहरूले संशोधनले उनीहरूको पेसागत सुरक्षामाथि प्रतिकूल प्रभाव पार्ने र अस्तित्वमै जोखिम उत्पन्न गर्ने भएकाले आफूहरू आन्दोलनमा उत्रिन बाध्य भएको बताएका छन् । उनीहरूले सो प्रावधान खारेजीको मागसहित औषधि व्यवस्थापन विभाग विराटनगर कार्यालयमा आज धर्ना दिएका छन् ।

सङ्घले सरकारलाई दिएको म्याद पूरा हुँदासमेत आफ्ना माग सुनुवाइ नभएकाले चरणबद्ध सडक सङ्घर्ष र व्यवसाय बन्दसम्मका कार्यक्रम बुधबार सार्वजनिक गरेको थियो । राज्यले नीति नियमन गर्नेभन्दा पनि व्यवसायीलाई त्रसित बनाएर पलायन गराउने खालको भएको आरोप व्यवसायीको छ ।

संशोधित ऐनअनुसार औषधि पसलको दर्ता नवीकरणको म्याद सकिएको भोलिपल्टदेखि शतप्रतिशत जरिवाना लागू हुने र ३१ औँ दिनसम्म पनि नवीकरण नभएमा सो संस्था स्वत: खारेज हुने प्रावधान राखिएको छ । व्यवसायीले यो व्यवस्था व्यावहारिक नभएकाले व्यवसायमै कठिनाइ सिर्जना गर्ने गुनासो गरेका हुन् ।

नेपाल औषधि व्यवसायी सङ्घ कोसी प्रदेशका अध्यक्ष धनराज काफ्लेले सरोकारसँग आफूहरूले आवश्यक समय माग गर्दा कुनै प्रतिक्रिया नआएकाले सङ्घर्षका कार्यक्रम सार्वजनिक गरिएको जानकारी दिनुभयो । उहाँले मङ्सिर ११ गतेदेखि १६ मङ्सिरसम्म मौन धर्ना, कालो झन्डा, पसल बन्द, तथा विभागमा धर्नाजस्ता विरोध कार्यक्रम तय गरिएको बताउनुभयो । काफ्लेले भन्नुभयो, "संशोधित दफा ११ का केही उपदफा संविधानको मर्मविपरीत छन् र व्यवसायीलाई अनावश्यक रूपमा त्रसित पार्ने गरी ल्याइएका छन् । यसले हाम्रो पेसागत सुरक्षामा गम्भीर प्रभाव पार्छ ।" ***रासस***

# कान्तिपथमा कारको ठक्करबाट एक जनाको मृत्यु

काठमाडौँ, ११ मङ्सिर । काठमाडौँको कान्तिपथमा कारको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ । काठमाडौँ महानगरपालिका-२७ कान्तिपथस्थित सडकमा बिएवी ५७२४ नम्बरको कारले बा ८२ प २०८८ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक ओखलढुङ्गाको लिखु गाउँपालिका-९ घर भएका ३४ वर्षीय सन्तोष खड्काको मृत्यु भएको हो ।

गएराति भएको उक्त दुर्घटनामा गम्भीर घाइते भएका खड्काको केएमसी अस्पतालमा उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ । ***रासस***




**मोटरबोट**
सुनसरीको बराहक्षेत्र नगरपालिका -६ स्थित बोराबाँधमा पर्यटकको सहजता र आकर्षणका लागि सञ्चालनमा ल्याइएको मोटरबोट । बोराबाँधबाट शिशौलियाघाट, तेह्र आरडी, चतराघाट र श्रीलङ्का टापुसम्म जलमार्ग हुँदै मनोरञ्जनात्मक यात्रा गर्न सकिन्छ । *तस्बिर: सङ्गीता राई/रासस*

# साढे २६ लाख नागरिक सामाजिक सुरक्षाको छाताभित्र

काठमाडौँ, ११ मङ्सिर । 'सामाजिक सुरक्षा : सर्वव्यापी स्वस्थ्य सेवाको पहुँच, पेन्सनयोग्य समाज र उत्पादकत्व अभिवृद्धिसहित नागरिक जीवनको रक्षा' भन्ने नाराका साथ आज आठौँ सामाजिक सुरक्षा दिवस मनाइँदै छ । 'असल श्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार' लाई मूल मन्त्र मानेर आठ वर्षअघि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको घोषणा गरिएको दिनको सम्झनामा आज दिवस मनाउन लागिएको हो ।

नेपालको संविधानमा उल्लिखित सामाजिक सुरक्षासम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न सरकारले २०७५ मङ्सिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको औपचारिक घोषणा गरेको थियो ।

श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यसहित स्थापित कोषको नेतृत्वमा सामाजिक सुरक्षा योजना कार्यान्वयनमा छन् । सबै श्रमिकलाई यस योजनामा आबद्ध गराई आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक व्यवस्थालाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित रहेका कार्यकारी निर्देशक कविराज अधिकारीले जानकारी दिनुभयो ।

**'बढ्दै दायरा, लाभान्वित हुँदै श्रमिक'**

कोषले औपचारिक क्षेत्रका साथै वैदेशिक रोजगारी, अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइरहेको छ । बुधवारसम्म साढे २६ लाख नागरिक योगदानमा आधारित सामाजिक सुरक्षाको छाताभित्र समेटिएका कोषले जनाएको छ । त्यसमा औपचारिक क्षेत्रका छ लाख ४९ हजार ५११, वैदेशिक रोजगारीमा रहेका १९ लाख ९६ हजार ५७९, अनौपचारिक क्षेत्रका ७९९ र स्वरोजगार क्षेत्रका ५८२ श्रमिक छन् ।

कोषले श्रमिकका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । यी योजनाबाट श्रमिक र तिनका परिवारले विभिन्न सुविधा तथा सहुलियत प्राप्त गर्दै आइरहेको कार्यकारी निर्देशक अधिकारीले बताउनुभयो ।

कोषमा हालसम्म रु. ९५ अर्ब ६८ करोड योगदान रकम सङ्कलन भइसकेको छ । दुई लाख ५३ हजार एक सय ४३ श्रमिकले विभिन्न सुविधाबापत रु. १७ अर्ब ७२ करोड दाबी भुक्तानी लिइसकेका छन् । कोषले योगदानकर्तालाई स्वास्थ्य सुविधाका अतिरिक्त बचतको ब्याज, निश्चित अवधिपछि मासिक पेन्सन, घर सापटी, शैक्षिक सापटीलगायत सहुलियत प्रदान गर्दै आइरहेको छ । ***रासस***

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०४/१० का दिन भक्तपुरको झौखेलदेखि सल्लाघारी जाने क्रममा मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नाम** : सागर थापा
**ठेगाना** : चाँगुनारायण-३, झौखेल, भक्तपुर
**रजिस्ट्रेसन नं.** : ७०२५१८२६८
**सिम्बोल नं.** : २२५०३७७९
**सिरियल नं** : एम १२१८३७०
**सम्पर्क नं.** : ९७६३६०५३२६

**स्थानीय सरकार**
**मध्यपुर थिमि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
वाग्मती प्रदेश, भक्तपुर नेपाल

**सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/१२ गते**

मध्यपुर थिमि नगरपालिका वडा नं. ४ स्थित शंखधर चोकमा अवस्थित कलात्मक दुईतले संरचना (भा-फल्चा) र शंखधर चोकबाट बालकुमारी जाने सडक किनारामा अवस्थित तपसिलमा उल्लेखित संरचनाहरू तपसिलमा उल्लेखित प्रयोजन र अवधिका लागि बहालमा लगाउनुपर्ने भएकोले तोकिएका सर्त, नियम तथा परिधिभित्र रही बहालमा लिन इच्छुक कम्पनी, फर्म तथा नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मू.अ.क. प्रमाणपत्र, आ.व २०८१/०८२ को कर चुक्ताको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी सिलबन्दी प्रस्ताव पेस गर्नहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| सूचना नं. | बहालमा लगाइने संरचनाको विवरण | सङ्ख्या (वटा) | बहालमा लगाइने क्षेत्रफल (व.फु.) Inter room area | न्यूनतम मासिक बहाल रकम | धरौटी रकम (रू) | अवधि |
|---|---|---|---|---|---|---|
| १/२०८२/०८३-राजस्व | कलात्मक संरचना (भा-फल्चा) मा क्याफे सञ्चालन गर्ने | १ वटा | ६८०.३५ व.फि | रू. १,३६,०७० | ८२,००० | ५ वर्ष |
| २/२०८२/०८३-राजस्व | ATM Lounge सञ्चालन गर्ने | १ वटा | १००.८१ व.फि. | रू.४०,००० | २४,००० | १० वर्ष |
| ३/२०८२/०८३-राजस्व | पसल कबलहरूमा स्थानीयकला, संस्कृति, परम्परासँगसम्बन्धी । व्यवसाय सञ्चालन गर्ने | ८ वटा | ४९.१३ व.फि. | रू.५,००० | ३,००० | ५ वर्ष |
| | | २ वटा | १००.८१ व.फि. | रू.१०,१०० | ६,००० | ५ वर्ष |

**स्पष्टीकरण** :
(क) सूचना नं. १ मा सम्बन्धित काम गर्ने गरी सम्बन्धित निकायमा दर्ता भएका फर्म/कम्पनीहरूले प्रस्ताव पेस गर्न सकिनेछ भने सूचना नं. २ र ३ मा इच्छुक व्यक्ति, फर्म, कम्पनीहरूले प्रस्ताव पेस गर्न सक्नेछन् ।
(ख) सूचना नं. ३ मा पसल कबलहरूलाई शंखधर चोकबाट बालकुमारी जाँदा सडक किनाराको दक्षिणतर्फ रहेका पहिलो आठवटा कबलहरूलाई क्रमश : (१क),(१ख), (२क), (२ख), (३क), (३ख), (४क), (४ख) सङ्केत गरिएका छन् भने ठूलो दुईवटा कबलहरूलाई क्रमश : (५) र (६) नम्बर गरी सङ्केत गरिएका छन् । प्रस्तावमा आफूले छानेको कबल नम्बर स्पष्ट रूपमा उल्लेख गरेको हुनुपर्नेछ । एक व्यक्तिले एउटा र एक परिवारबाट एक सदस्यले मात्र प्रस्ताव पेस गर्न सक्नेछ ।

**सर्त तथा बन्देजहरू** :
१ सिलबन्दी प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ औँ दिन कार्यालय समयभित्र यस कार्यालको राजस्व शाखाबाट रू.१,०००।-(एक हजार रुपैँया मात्र । फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । उक्त सिलबन्दी प्रस्ताव १६ औँ दिनको १२:०० बजेभित्र मध्यपुर थिमि नगरपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ । प्राप्त सिलबन्दी प्रस्तावहरू सोही दिन दिनको २:०० बजेदेखि प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्दा प्रस्तावकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्नेछैन ।
२. सिलबन्दी प्रस्तावको साथमा यस कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड थिमि शाखामा रहेको धरौटी खाता नम्बर ग-३-१-२३३०३०००००३००००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
३. छनोट भएको प्रस्तावकर्ताले सम्झौता अगावै आफूले कबुल गरेको बहाल रकमको तीन महिना बराबरको रकम धरौटीको रूपमा र तीन महिनाको बहाल रकम अग्रीम रूपमा बुझाउनुपर्नेछ ।
४. सिलबन्दी प्रस्ताव फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खोलिने दिन प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।
५. यस सम्बन्धी विस्तृत सूचना मध्यपुर थिमि नगरपालिकाको वेभ साइट www:madhyapurthimimun.gov.np राखिएको छ । थप जानकारीको लागि मध्यपुर थिमि नगरपालिका राजस्व प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

। सम्पादकीय ।

# रासायनिक मलको अभाव

प्रत्येक वर्ष देशमा रासायनिक मलको अभाव हुन्छ । कृषिप्रधान देशमा रासायनिक मल अभाव हुनु भनेको सरकारको कमजोरी हो । खेतीपातीको लागि आवश्यक रासायनिक मल पनि उपलब्ध गराउन नसक्नुको अर्थ कृषिप्रति सरकारको बेवास्ता हो । स्वदेशमै रासायनिक मल कारखाना खोलेर कृषि उत्पादन बढाएर खाद्यान्नमा परनिर्भर बनाउन पहल गर्नुपर्ने सरकारले उल्टो देशलाई परनिर्भर बनाउने, आयात बढाएर देशको सम्पत्ति विदेशमा पुऱ्याउने काम सरकारले गर्दै छ । अहिले गहुँ छर्ने र तरकारी बाली गर्ने सिजन हो । खेतीपातीको यो सिजनमा देशभर पर्याप्त मात्रामा रासायनिक मलको व्यवस्था गर्नुपर्ने हो । तर, सोको बन्दोबस्त भइरहेको छैन । यसले विगतको मात्र होइन अहिलेको सरकार पनि कृषकहरूको पक्षमा नरहेको थाहा हुन्छ ।

सरकारको नेतृत्व गर्नु भनेको सिंहासनमा बस्ने र कार्यक्रमको उद्घाटन गर्दै हिँड्ने मात्र होइन । जनताका आधारभूत आवश्यकता पूर्ति गर्न, देशमा आवश्यक स्रोत साधन जुटाएर जनताको जीवनलाई सहज बनाउने वातावरण सरकारले तयार गर्नुपर्ने हो; स्वदेशमै रोजगारीको निम्ति देशका विभिन्न ठाउँमा कारखाना, उद्योगहरू खोल्नुपर्ने हो । देशको विभिन्न ठाउँमा कारखाना नखोलिकन, सन्तुलित विकास नगरिकन युवाहरूलाई कसरी रोजगारीको बन्दोबस्त गर्न सकिन्छ ? देशका युवा जनशक्ति बिदेसिएर देश कसरी विकास हुन्छ ? देशमा भएका स्रोत र साधनको अधिकतम प्रयोग गर्न सरकार लाग्नुपर्छ । देशकै उद्योगीहरूलाई कलकारखाना खोल्न र परिचालन गर्न सरकारले आवश्यक पूर्वाधार तयार गर्नुपर्छ, लगानी गर्ने र सुरक्षित गर्ने वातावरण तयार गर्नुपर्छ । उद्योगमा लगानी गर्न उत्प्रेरित गर्ने र सुरक्षित गर्नेतर्फ सरकारले पाइला चाल्नुपर्छ ।

एकातिर सरकारले खाद्यान्न, तरकारी, फलफूल, अण्डा, मासु आदिमा आत्मनिर्भर बनाउन पहल गर्दैन भने अर्कोतिर देशमा कहिले अतिवृष्टि, कहिले अनावृष्टि, कहिले असिना पानी र कहिले बाढी पहिरोको कारण अन्न बालीमा क्षति भइरहेको छ । कहिले कोरोना, कहिले डेङ्गु त कहिले भूकम्पजस्ता प्राकृतिक प्रकोपले देशको ठुलो धनजनको क्षति पुऱ्याएको छ । देशमा कहिले आर्थिक सङ्कट हुन्छ; कहिले बेथितै बेचितिको देश बन्छ । देशमा देखिएको आर्थिक सङ्कट, बेथिति र ऋण बोकेको देशले कसरी विकासमा फड्को मार्ला ? सरकारले कसरी देशमा विकासको उचाइलाई बढाउला ?

शासकहरू देश र जनताप्रति जिम्मेवार भए, इमानदारीपूर्वक सबैले आ-आफ्नो पदको जिम्मेवारी निर्वाह गरे जनताको समस्या सहज ढङ्गले हल गर्न सकिन्छ । शासकहरू दूरदर्शी नहुँदा र समस्याको निकास खोजेर हल नगर्दा देशमा समस्याको चाङ बढ्दै गयो । देशमा बेरोजगारको सङ्ख्या बढ्यो । भएको जनशक्ति पनि बिदेसियो । उद्योग तथा कारखानामा हुने तोडफोड र आगजनीले उद्योगी व्यवसायीहरू आत्तिए; असुरक्षित भए । भएका उद्योग कारखानाहरू बन्द भए । देशको निर्यात घट्यो, आयात बढ्यो । व्यापार घाटा भयो । ऋण तिर्न ऋण लिन बाध्य भयो । यी यावत समस्या शासकहरूको बेवास्ता र कमजोरीको कारण भयो । शासकहरू दलगत र व्यक्तिगत स्वार्थमा लागे । सरकारको आयु बढाउन विचार नमिल्ने दलसँग गठबन्धन भयो । भागबन्डा गरियो । यसको कारण शासकहरूबिच नै शङ्का उपशङ्का बढ्यो; फुटको दूरी बढ्यो । सरकार स्थिर भएन । सरकारले गर्नुपर्ने काम गर्नसकेन । यसकारण, देशमा अस्थिरता देखियो । देश अनिर्णयको बन्दी बन्यो । देश र जनताको जीवनस्तर जहाँको तहीँ रहिरह्यो । यसका कारक र दोषी शासकहरू नै हुन् ।

# जापानी तोपको गर्जनबिच साम्राज्यवादविरुद्ध लडेका भारतीय चिकित्सक डा. बसु


● अजेय कमलाकरण

सन् १९३८ अगस्ट महिनाको अन्तिम साताको एक साँझ । बम्बे सहरको ग्रान्ड रोडमा अवस्थित जिन्ना सभाहलमा आयोजित सभामा सबैको ध्यान थियो, त्यहाँ सहभागी पाँच जना चिकित्सकतिर । सभाको अध्यक्षता गरेकी थिइन् कवयित्रि तथा भारतीय स्वतन्त्रता आन्दोलनकी नेतृ सरोजिनी नायडुले । दुई दिनपछि ती चिकित्सकहरू बिलियार्ड पायरबाट जहाजमा बसेर चीनको लामो यात्रामा निस्कँदै थिए । चीन त्यत्तिबेला चिनियाँ जनताको शब्दमा जापानी हमलाविरुद्धको प्रतिरोध युद्धमा होमिएको थियो ।

चिकित्सकहरूका पाखुरामा रेडक्रसका पट्टि बाँध्दै नायडुले कुरा नचपाई भन्नुभयो, "तपाईंहरू एउटा निकै खतरनाक काममा जान लाग्नुभएको छ । ...तपाईंहरूमध्ये केही अथवा कोही एक जना, हुनसक्छ अब कहिल्यै नफर्किने गरी जान लाग्नुभएको छ ।"

भारतीय चिकित्सक टोलीका ती सदस्यहरू आफू होमिन लागेको आगोका भुङ्ग्रोबारे सचेत थिए । यद्यपि, टोलीमा सामेल २८ वर्षका एक सदस्यले चीनतिरको यात्राबारे वर्णन गर्दै लेखेका थिए, "हाम्रो मनभित्र चिन्ताभन्दा बढी अन्तर्राष्ट्रवाद र साम्राज्यवादविरोधी सङ्घर्षमा सामेल हुन जान लाग्दाको गौरवबोध थियो ।"

यसरी आफ्नो यात्राबारे दैनिकी लेख्ने युवा चिकित्सक थिए डा. बेनोजकुमार बसु । उनले उतिबेला लेखेका दैनिकी धेरै वर्षपछि पुस्तकको रूपमा प्रकाशित भयो । त्यो पुस्तकको नाम हो येनानको बोलावट : चीनमा गएको भारतीय चिकित्सक टोली १९३८ देखि १९४३ को कथा (कल अफ येनान : स्टोरी अफ द इन्डियन मेडिकल मिसन टु चाइना १९३९-१९४३)



डा. बीके बसु

**ऐक्यबद्धताका चिह्न**

सन् १९३७ मा जापानले चीनमाथि पूर्ण कब्जा जमाउन हमला थाल्यो । चिनियाँ सैनिक कमान्डर चु तेहले जवाहरलाल नेहरू र भारतीय राष्ट्रिय काङ्ग्रेसलाई चिकित्सकीय सामग्री र चिकित्सकहरू पठाएर मद्दत गर्न आह्वान गरे । चीनका प्रतिबद्ध प्रशंसक नेहरूले चु तेहको आग्रह आफ्नो पार्टीसमक्ष पेस गरे । फलस्वरूप चीन पठाउन चन्दा सङ्कलन र स्वयम्सेवी चिकित्सक छनोटको काम थालियो ।

भारतीय राष्ट्रिय काङ्ग्रेसको त्यो आह्वान भारतको सीमाभन्दा निकै परसम्म फैलियो । मौरिसस, केन्या, सिरिया, बेलायतलगायत धेरै ठाउँबाट प्रतिक्रियाहरू ओइरियो । सात सयजना मानिसले सो आह्वानप्रति अभिरुचि देखाए जसमा एक सय जना चिकित्सकहरू थिए ।

समितिले ३५ हजार भारु (आजको मूल्यमा २.४ करोड भारु) सङ्कलन गर्यो । डा. मदनमोहन लाल अटलको नेतृत्वमा चिकित्सक टोली चीन पठाउने निधो गरियो । उनी स्पेनी गृहयुद्धमा जनरल फ्रान्कोको राष्ट्रवादी शासनविरुद्ध गणतन्त्रवादीहरूको सहायता गर्न बनेको स्पेनी चिकित्सकीय सहायता समितिका वरिष्ठ सदस्य पनि थिए । अटल नेतृत्वको टोलीका उपनेतामा मोहनलाल छोकर छानिए भने अरु सदस्यमा बसु, दिवेश मुखर्जी र द्वारिकानाथ कोटनिस थिए । तीमध्ये कोटनिसको चीनमै निधन भयो ।

सन् १९३८ को सेप्टेम्बर १ का दिन चीन जाने चिकित्सकहरूलाई बिदाइ गर्न मानिसहरूको ठुलो भीड बिलियार्ड पायरमा भेला भए । सरोजिनी नायडु आफै उनीहरूलाई बिदाइ गर्न त्यहाँ आउनुभएको थियो ।

चिनियाँ सहायक दूत र उनकी श्रीमतीसँगै चिनियाँ केटाकेटीहरूको ठुलो टोलीले हामीलाई फूल माला लगाइदियो । अनि उनीहरूले निकै जोशिलो पारामा चिनियाँ राष्ट्रिय गीत 'छि लाई...' गाए । बसु लेख्छन्, डा. कोटनिसको गल्लाभरि यति धेरै माला थिए, उनको थकित तर उत्साहित अनुहारबाहेक केही पनि देखिएको थिएन ।

भारतीय टोलीले औषधि र चिकित्सकीय सामग्री आफैले बोकेको थियो भने एउटा ट्रक र एम्बुलेन्स संरा अमेरिकाबाट चीन पठाउने प्रबन्ध मिलाइएको थियो । यात्राको बिचमा पनि चिकित्सकहरूप्रति हार्दिक ऐक्यबद्धता व्यक्त गर्ने मानिसहरू भेटिए । कोलोम्बोमा एक जना उत्साहित चिनियाँ पसलेले आफ्नो पसलअगाडि सबै चिकित्सकहरूसँग तस्बिर खिचेका थिए । मलेसियाको फिनाङमा विशेषत: चिनियाँ र भारतीयहरू सम्मिलित स्वागत अभिलाषीहरूले चिकित्सकहरूलाई फूल माला लगाइदिएका थिए ।

"त्यहाँबाट उनीहरूका अगुवाहरूले हामीलाई गाडीमा राखेर अचीन बजारमा अवस्थित चीन मैत्री सङ्घको सभाकक्षमा लगे । त्यहाँ धेरै मानिस हाम्रो बाटो हेरिरहेका थिए," बसुले लेखेका छन् ।

सिङ्गापुरमा पनि उस्तै । भारतीय र चिनियाँ झन्डा हल्लाउँदै ठुलो सङ्ख्यामा मानिसहरू चिच्याइरहेका थिए, बन्दे मातरम र छि लाई... । हङकङमा पनि उनीहरूको उस्तै हर्षोल्लासका साथ स्वागत भयो ।

**युद्धग्रस्त चीनको अप्रिय दर्शन**

क्यान्टन (अहिलेको ग्वाङचाउ) मा चिकित्सकहरूलाई डा. सन यात सेनकी श्रीमती सुङ छिङ लिङले हार्दिकतापूर्वक स्वागत गर्नुभयो । सुङ पछि जनगणतन्त्र चीनकी उपराष्ट्रपति बन्नुभयो । आज आधुनिक चीनकी जननी भनेर सम्मानित उहाँले भारतीय चिकित्सकहरूको स्वागतमा भोजको आयोजना गर्नुभएको थियो । भारतीय चिकित्सकहरूलाई सहज बनाउन उहाँ आफैंले अग्रसरता लिनुभएको थियो ।

बसुले लेखेका छन्, "हामीलाई चपस्टिक चलाउन अप्ठ्यारो भएको श्रीमती सुङले देख्नुभयो । हामी भोकै हौंला भनेर उहाँले आफ्नो अगाडि राखिएको कुखुराको मासु राखिएको भाँडोबाट हातले मासु झिक्दै भन्नुभयो, "भगवान्ले हामीलाई खाना खान दुई हात दिनुभएको हो ।" त्यत्ति भनेर उहाँले हातैले खाना खान थाल्नुभयो । उहाँको सिको गर्दै हामीले पनि हातैले खाना खायौं ।"

क्यान्टन सहरमा भारतीय चिकित्सकहरूले बमले पारेका भ्वाङ र क्षतविक्षत भवनहरू देखे । उनीहरूले एउटा युद्धग्रस्त देशको अप्रिय दर्शन पाए । जापानी हमलाबाट सुरक्षित राख्न रेडक्रसले उनीहरूलाई हुनान प्रान्तको छाङसामा लाने बन्दोबस्त मिलायो ।

बसुले लेखेका छन्, "सैनिक र चिकित्सकीय सामान बोकेका सात वटा गाडीहरू लस्करै निकै सावधानीका साथ गुडिरहेका थिए । सबभन्दा अगाडिको गाडी हामी चढेको गाडीभन्दा सयौं मिटर अगाडि धुलोको बादल छिचोल्दै पहाडी बाटोका धारिला घुम्ती पार गर्दै थियो । बाटो डरलाग्ने गरी साँघुरो थियो । सबैतिर खाल्डाखुल्डी मात्र थिए । तर, वरपरका पहाड, गाउँ र झरना खोल्साखोल्सी भने मनोरम थिए । दुर्घटना भएर खसेका धेरै ट्रकका अवशेष तल खोलातिर बेला बेला देखिन्थे ।"

छाङसा पुगेर भारतीय चिकित्सकहरूको टोली हानखोउ (अहिलेको उहान) मा गयो । त्यहाँ चिनियाँ रेडक्रसको उपचार टोली नं १५ मा उनीहरू मिसिए । यो नै युद्धको समयमा चिनियाँ चिकित्सकीय उद्धार कार्यमा उनीहरूको औपचारिक जिम्मेवारी बन्यो ।

बसु र छोकर एउटा शल्यक्रिया टोलीमा बसे भने कोटनिस र मुखर्जी अर्को टोलीमा समावेश भए । अटल भने सामान्य चिकित्सक (जनरल फिजिसियन) भएर काम गरे ।

छाङ्सामा अन्तर्राष्ट्रिय सहायताको भावना निकै भावपूर्ण थियो : संरा अमेरिका, युरोप, रुस र जाभाबाट समेत आएका स्वयम्सेवीहरू भारतीयहरूलाई ये च्याङयिङले दिनुभएको भोजमा सहभागी भए । ये च्याङयिङ जापानीहरूसँग लडेको चिनियाँ कम्युनिस्टहरूका दुई वटा सेनामध्ये ठुलो आठौं मार्ग सेनाका प्रमुख हुनुहुन्थ्यो । भोजमा सहभागी हुनेमा लेखक तथा पत्रकार एग्नस स्मेडले पनि हुनुहुन्थ्यो । उहाँ भारतीय स्वतन्त्रताका पक्षपाती हुनुहुन्थ्यो ।

भारतको स्वतन्त्रताको लागि जनरल येले टोस्ट प्रस्ताव राख्नुभयो । अनि सुरु भयो साढे दुई घण्टा लामो रात्रिभोज । बसुले लेखेका छन्, "विभिन्न देशका स्वयम्सेवकहरूले एकपछि अर्को आ-आफ्ना देशका गीत गाए, आठौं मार्ग सेनाको मार्चपास गीत, पहेँलो नदी तर्दाको गीत, रुसी हवाई सेनाको गीत आदि । स्मेडलेले बन्देमातरम गीत सुनाएर हामीलाई चकित पार्नुभयो । मैले भने बङ्गाली भाषामा नजरुलको गीत सुनाएँ, चल रे चल रे चल । त्यो गीतको जोशिलो लयको कारण सुनेर सबै खुब रमाए ।"

तथापि, युद्धको अन्त्यहीन दबाब र तनावले उनीहरूलाई पछ्याउन भने छोडेको थिएन । बसुले आफ्नो टोलीका नेता अटलसँग भएका विवाद सम्झेका छन् । त्यस्तो विवाद अटल भारत फर्किने बेलासम्म मुक्कामुक्कीमा पुगेको थियो । सबभन्दा पछाडि उनीहरूबिच सुरक्षाको विषयमा विवाद भएको थियो । उनीहरू चीन आएको २१ महिनापछि छोकर र मुखर्जी पहिला नै भारत गइसकेका थिए भने अटल आफूसँग बसु र कोटनिस पनि सँगै फर्कनुपर्छ भनी जिद्दी गरिरहेका थिए । तर, दुई जना चिकित्सकहरू बसु र कोटनिस भने चीनमा अझै बस्ने अठोटमा अडिग थिए । उनीहरूले जोखिमको लेखाजोखा नगरी चीनमै बस्ने निधो गरिसकेका थिए ।

त्यतिबेला चीनमा कम्युनिस्ट र च्याङ काई सेकले नेतृत्व गरेको राष्ट्रवादीहरूबिच आपसी अविश्वास बढिरहेको थियो । उनीहरू मिलेर जापानसँग लड्नुअघि नै एउटा रक्तपातपूर्ण लडाइँ लडिसकेका थिए । सन् १९४१ मा उनीहरूबिचको तनाव अझ उत्कर्षमा पुगेको थियो । उतिबेला ६ दिनसम्म उनीहरूबिच भएको हिंसात्मक लडाइँ दक्षिण आन्हुई घटनाको नाममा चर्चित छ । आन्हुई प्रान्तमा राष्ट्रवादी शक्तिले कम्युनिस्टहरूको नयाँ चौथो सेनामाथि हमला गरेको थियो । यो लडाइँले चीनलाई अझै गृहयुद्धको सङ्घारमा पुऱ्याएको थियो । उनीहरूबिचको झगडाले जापानविरोधी प्रतिरोध युद्धलाई कमजोर बनाइरहेको थियो । एक जना प्रतिबद्ध कम्युनिस्ट भएकोले बसुले आफ्ना चिनियाँ कमरेडहरूको साथ नछोड्ने निधो गरिसकेका थिए ।

त्यत्तिबेलासम्म बसु र कोटनिसबिचको मित्रता पनि गहिरो भइसकेको थियो । उनीहरूको मित्रता घाइतेको उपचारको परिधिभन्दा बाहिर फैलिसकेको थियो । शत्रुको क्षेत्र पार गर्दा उनीहरू जापानीहरूले प्रयोग गरेका पूर्वाधार जस्तै रेलमार्गमा कब्जा गर्ने काममा सक्रियतापूर्वक सहभागी बन्थे ।

अनौपचारिक गुरिल्ला टोलीका कैयौं लडाकुहरूले हातमा बञ्चरा बोकेका हुन्थे । उनीहरू गएर टेलिग्राफका खम्बामा ढाल्थे । बसुले लेखेका छन्, 'अनायास हामी राजमार्गमा पुग्यौं । हामी





बसुले खिचेको चिनियाँ आठौं मार्ग सेनाको तस्बिर

बाँकी पृष्ठ ५ मा

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २४

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




त्यसबेलासम्म सभामुखले 'सांसदहरूलाई दण्ड नलाग्ने' नियम कार्यान्वयन गराउन सिन्को भाँचेका थिएनन् । अब उनले यो मुद्दामा हात हाल्ने सोचे । यसको लागि सभामुख रोदजान्कोले मैले नै पहल गर्नुपर्ने बताएँ । मलाई सुरक्षाका लागि दर्खास्त हाल्न भने । यसरी उनले आफूलाई कालासयहरूको नजरमा आफू जोगिन पाउने थिए । सरकारको शत्रुलाई मैले बचाएको होइन बरु सांसदबाट प्राप्त अर्जी सही अधिकारीहरूलाई बुझाएको मात्र हुँ भन्न पाउने थिए । तर, मैले यस्तो अर्जी दिन चाहिने । मेरो आसय बुझेर उनले घुमाउरो बाटोबाट यो काम गर्न खोजे । उनले आफ्ना एक कर्मचारीलाई मकहाँ सहानुभूति दिन पठाए । त्यो कर्मचारीले सभामुखको तर्फबाट मलाई ढाडस दियो । जवाफमा मैले सुरक्षाको लागि अर्जी हाल्छु भन्ने रोद्जान्कोले सोचेका थिए । मैले यो भेटको अर्थ बुझिहालेँ । मैले भनिदिएँ, "एक सांसदको हैसियतलाई म सुरक्षाको हकदार छु । पक्रिने भए उनीहरूले मलाई पक्रून् ।"

मेरो यो मुद्दा जनताको लागि एउटा काण्ड बन्ने निश्चित भइसकेको थियो । यसकारण, रोद्जान्कोले गृहमन्त्री माक्लाकोभलाई एउटा पत्र पठाए । जवाफमा गृहमन्त्रीले मेरो संसदीय सुरक्षाको म्याद सकिएपछि मात्र मलाई गिरफ्तार गरिने बेहोराको पत्र लेखेछन् ।

हामी '६ बोल्शेभिकहरू' माथिको प्रहार केही समयलाई थाती राखियो । यद्यपि, यसैलाई मुद्दा बनाएर हामीले सदनमा प्रश्नोत्तर गर्ने यत्न गर्‍यौँ । एकातिर यो मुद्दाले प्रतिक्रियावादीहरूको आक्रामक रवैया देखाइदियो । यसर्थ, यसले हाम्रो प्रचारात्मक सामग्रीको काम गर्‍यो । अर्कोतिर, मजदुर सांसदहरूमाथि कारबाही भएको खबर फैलिएपछि जनतासँग हाम्रो समूहको सम्बन्ध अझ प्रगाढ भयो ।

हाम्रो प्रश्न निम्न शब्दसँगै टुङ्गिन्थ्यो, "सेन्ट पिटर्सबर्गका नगर गभर्नरले संसद् सदस्यलाई जरिवाना तिराउनु गैरकानुनी भएको एकदम प्रस्ट छ । तसर्थ, संसद् सञ्चालन गर्ने नियमको धारा ३३ बमोजिम गृहमन्त्रीलाई निम्न प्रश्न गर्न हाम्रो सामाजिक जनवादी समूह आह्वान गर्छ - एक, के सेन्ट पिटर्सबर्गका नगर गभर्नरले जारी गरेको आदेशबारे उहाँ जानकार हुनुहुन्छ ? दुई, जानकार हुनुहुन्छ भने भविष्यमा प्रशासनिक निकायबाट यस्ता क्रियाकलाप नहोस् भनेर यो अवैध कदम तथा संसद् सदस्यहरूको रक्षा गर्ने सम्बन्धमा उहाँले कस्तो आदेश जारी गर्ने प्रस्ताव राख्नुहुन्छ ? हामी यो प्रश्नलाई आपत्कालीन करार गरियोस् भनी अनुरोध गर्दछौँ ।"


हाम्रो यो प्रश्नमा क्याडेट र प्रगतिशील पार्टीका केही सांसदले हस्ताक्षर गरेका थिए । तर, क्रिसमसको बिदापछि जब बहस सुरु भयो तिनीहरूमध्ये २३ 'उदार' सांसदहरूले आफ्नो हस्ताक्षर फिर्ता लिए । यसरी हाम्रो प्रश्नलाई सदनमा राख्नै लागेको बेला हठात् रद्दीको टोकरीमा फालियो । यही एउटा उदाहरण क्याडेटहरूको मजदुर सांसदविरोधी रवैया झल्काउन काफी छ ।

ऐनमा उल्लेख प्रावधान पूरा गर्न हामीले थप हस्ताक्षरको जोहो गर्‍यौँ र एक हप्तापछि सदनमा प्रश्न राख्यौँ । हाम्रो समूहको तर्फबाट पेत्रोभ्स्कीले बोले ।

पेत्रोभ्स्कीले भने, "कारबाही र प्रहरी अत्याचारका बाबजुद मजदुरहरूका सांसद सदैव र सर्वत्र तिनको पक्षमा उभिनेछन् । प्रहरी वा संसद्को कालासय बहुमतले मजदुरवर्गलाई तिनका सांसदहरूको आवाज सुन्नबाट रोक्न सक्ने छैनन् ।"

बुर्यानोभ अहिले मेन्शेभिक रहेनन् । त्यसबेला उनले सदनमा हाम्रो मुद्दालाई आपत्कालीन करार गर्नुपर्ने पक्षमा बोले । उनले सांसदलाई दण्ड नलाग्ने नियमको ठाडो उल्लङ्घन भएको र सदनले आफ्नो आत्मसम्मान जोगाउने हो भने यसलाई नियन्त्रण गर्नुपर्ने बताए ।

तर, सदनले जारशाही प्रहरीलाई नियन्त्रणमा राख्न केही गरेन । यो मुद्दामा मजदुर सांसदहरूले मात्र चासो लिए । संसद्का कालासय सांसदहरूले प्रहरीको कारबाहीलाई खुला दिनले स्वागत गरे । हाम्रो प्रश्नलाई ठुलो बहुमतले किनार लगाइयो । मजदुर सांसदहरूविरुद्ध जतिसुकै दमनकारी कारबाही गरे पनि सदनले चुपचाप सदर गर्नेछ भनेर सरकार ढुक्क भयो ।




## खण्ड ३

## संसद्को सामाजिक जनवादी समूहमा फुट

### पाठ ११

### संसदीय समूहको अवस्था

'६ बोल्शेभिक' र '७ मेन्शेभिक' को सम्बन्ध । 'लुच' मा सहकार्यको सवाल । फुट हुनुभन्दा अगाडि मेन्शेभिकहरूका 'कार्य जति महिना बित्दै जान्थे संसद्को सामाजिक जनवादी समूहको एकता औपचारिक मात्र हो र ढिलोचाँडो यो चुँड्नेछ भन्ने प्रस्ट हुँदै गयो । हाम्रो समूहको अवस्था रुसी सामाजिक जनवादी पार्टीभित्रको अवस्थाको छायाँ थियो । यसले पार्टीभित्रको अन्तर्विरोधलाई धेरै चर्कायो । बोल्शेभिक र मेन्शेभिक सांसदहरू एक औपचारिक हिसाबले समूहको रूपमा काम गर्न बाध्य थिए । तर, क्रान्तिकारी आन्दोलनको सवालमा थुप्रै प्रश्नमा दिनकै जुधिरहन्थे । '६ बोल्शेभिक' र '७ मेन्शेभिक' बिचको विमतिको खास कारण रुसी क्रान्तिको मार्गचित्र थियो । क्रान्तिकारी आन्दोलन बढ्दै जाँदा यी मतभेद पनि बढ्दै गए । यसकारण, ढिलोचाँडो समूह दुई अलग खेमामा बाँडिने निश्चित थियो । हाम्रो पार्टीले सुरुदेखि अँगाल्दै आएको दुई खेमाबिचको खाडल ढिलोचाँडो गहिरिने निश्चित थियो ।

हाम्रो संसदीय समूह बन्दाको पहिलो दिनदेखि नै बोल्शेभिक र मेन्शेभिक खेमाबिच चर्काचर्की सुरु भयो । सदनमा सामाजिक जनवादी समूहको नीति उद्घोष गर्ने र सांसद जागेल्लोको विषयमा भएको सङ्घर्षबारे मैले यसअघि नै बताइसकेको छु । हामी '६ बोल्शेभिक' हरूले ती दुवै घटनामा मेन्शेभिकहरूसँग दृढतापूर्वक सङ्घर्ष गर्‍यौँ र तिनलाई कतिपय अडान छोड्न बाध्य पार्‍यौँ ।

समूहमा भएको पहिलो विवाद ठुलो छलफलको विषय बन्यो । पार्टीभित्र मात्र होइन आम मजदुरहरू पनि त्यो बहसमा उत्रे । बोल्शेभिक सांसदहरूले मेन्शेभिक पत्रिका 'लुच' मा सहकार्य गर्नुपर्छ भन्ने थियो । यो प्रश्नमा तीतो सङ्घर्ष भयो । यो प्रश्नले हाम्रो संसदीय समूहको वास्तविक अवस्था उजागर गरिदियो । यो प्रश्न के अर्थमा पनि अत्यन्त अहम थियो भने '६ बोल्शेभिक' प्रतिको मजदुरहरूको सोच र मेन्शेभिकहरूसँग पछिको नाता तोडाइ यही ठोस आधारबाट तय हुनसक्थ्यो ।

सन् १९१२ डिसेम्बरमा मजदुर सांसदहरूले तत्कालीन कार्यनीति ख्याल गर्दै आफ्नो नाम 'लुच' को साझेदारी सूचीमा राख्न दिए ।

सन् १९१३ जनवरीको अन्त्यतिर पार्टीको सहमतिमा र खासगरी केन्द्रीय समितिको निर्देशनमा हामीले 'लुच' को सम्पादन मण्डलबाट हाम्रो नाम झिक्न भन्यौँ । हामी खुलेरै क्रान्ति विघटनको पैरवी गर्ने पत्रिकामा कुनै काम गर्न चाहँदैनथ्यौँ ।

'लुच' मा सहकार्य गर्न अस्वीकार गरेको निहुँमा '७ मेन्शेभिक' हरूले हामी बोल्शेभिकमाथि प्रहार सुरु गरे ।

मेन्शेभिकहरूसँग अब पूर्णतः छुट्टिछाम गर्नुपर्ने बेला नजिकिँदै गरेको हामी सबैले महसुस गरिसकेका थियौँ । तर, कसैगरी सामाजिक जनवादी पार्टीभित्रको एकता जोगाउने बलियो इच्छा अझै धेरै मजदुरमा थियो । निश्चय नै पार्टी सङ्गठनभित्र हाम्रा भूमिगत समिति वा केन्द्रहरूमा केके चलिरहेको छ भन्ने कुरा साधारण जनतालाई थाहा थिएन । (प्रहरीको कडा निगरानीका कारण हामीले देशैभरि यस्ता भूमिगत सङ्गठन बनाएका थियौँ ।) तर, हाम्रो संसदीय समूहले गर्ने गतिविधि एकदम खुला थियो । सेन्ट पिटर्सबर्गका मात्र होइन रुसका कुनाकन्दरासम्म हाम्रो यो समूहका क्रियाकलापको खबर पुग्थ्यो । जनता यो समूह र यसका गतिविधिबारे अवगत थिए । पार्टी एकताको कुरा आयो कि व्यापक जनताले मूलतः यही समूहको एकता बुझ्थे ।

---

***जापानी...***

शत्रुको सञ्चार रेखा पार गर्दै थियौँ । हामीले मुस्किलले एक किलोमिटरमात्र के पार गरेका थियौँ, अचानक अन्धाधुन्ध राइफल र तोप पड्केको आवाज सुन्यौँ । हाम्रो सुरक्षा दस्ता त्यसको निम्ति तयार थियो । उनीहरूले छेकामा छेकिएर जवाफी हमला गरे ।

जापानी हमलाविरुद्ध चिनियाँ जनसेनाको प्रतिरोधलाई चिनियाँ गाउँलेहरूले मद्दत गर्थे । बसुले कसरी गाउँलेहरूले आठौँ मार्ग सेनालाई सयौँ घाइतेको उपचार, चिकित्सकहरूलाई काम गर्न र शल्यक्रिया गर्न आफ्ना घर र गोठ उपलब्ध गराएका थिए भनी वर्णन गरेका छन् । 'शत्रुको क्षेत्रमा बिरामी र स्वास्थ्यकर्मीहरूले पनि गाउँलेका लुगा लगाउँथे', बसुले लेखे, "शत्रु गाउँ पस्दा किसानहरूले आफ्ना गाडा र खर्पनमा राखेर घाइतेलाई अर्को गाउँमा लान मद्दत गर्थे । यसरी ओसार्न नभ्याएका घाइतेलाई गाउँले महिलाहरूले साथ दिन्थे । उनीहरूले घाइते पुरुषलाई आफ्ना दाजुभाइ वा छोरा वा श्रीमान् भनी जोगाउँथे । खेतमा काम गर्दा उनीहरू घाइते भएको भनी जवाफ दिन्थे ।"

जनरल चु तेहसँगको भेटमा भारतीय चिकित्सकहरूले जापानी साम्राज्यविरुद्ध चिनियाँ सङ्घर्ष र भारतीय स्वतन्त्रता आन्दोलनबारे लामो समय कुराकानी गरेका थिए । चु तेहको विचारमा बेलायती शासनविरुद्ध सशस्त्र विद्रोह गर्नु नै भारतीय स्वतन्त्रताको सबभन्दा उत्तम बाटो थियो । "डा. कोटनिस र म भारतको अवस्थासँग चीनको अवस्था धेरै मिल्दोजुल्दो भएको र हाम्रो स्वतन्त्रताको लागि साम्राज्यवादविरुद्ध उस्तै सङ्घर्ष गर्ने परिस्थिति बन्न सक्नेमा सहमत थियौँ," बसुले लेखेका छन् ।

**माओसँग भेट**

बसुले चिनियाँ नेताहरू चाओ एनलाई र माओ त्सेतुङको भेटबारे पनि लेखेका छन् । ती नेताहरू उत्तिबेला प्रायशः पहाड खनेर बनाइएका घरमा बस्थे । माओलाई पहिलोपटक उनीहरूले भेट्दा उहाँले सद्भाव र सहायताको लागि भारतीय राष्ट्रिय काङ्ग्रेस पार्टी र भारतीय जनताप्रति क्रान्तिकारी आभार व्यक्त गर्नुभएको थियो ।

"उहाँले साम्राज्यवादविरोधी सङ्घर्षमा भारत र चीनबिचको शताब्दियौँ पहिलादेखिको परम्परागत मित्रता जोडिएको स्मरण गर्नुभयो । पुरानो समयमा बुद्धले आकाशमुनिको सबै भूमिमा शान्ति छर्न धार्मिक उपदेश दिनुभयो । अहिले भारतीय चिकित्सकीय टोली चीनमा आएर साम्राज्यवादविरुद्ध जनताको एकताको सन्देश प्रवाह गरेको छ," बसुले माओको भनाइ स्मरण गर्दै लेखेका छन् ।



**क्यान्टनमा भारतीय चिकित्सक टोली**

माओ फासीवादविरोधी, साम्राज्यवादविरोधी भारतीय नेता नेहरूबारे थप कुरा जान्न उत्सुक हुनुहुन्थ्यो । चिनियाँ भाषामा नेहरूको नाम नेहलु उच्चारण हुन्छ । त्यस्तै, उहाँले कान टी (गान्धी) बारे पनि जिज्ञासा राख्नुभयो । माओले आफ्ना भाषानुवादमार्फत कान टीको चिनियाँ शाब्दिक अर्थ 'मिठो धर्ती' हुने पनि बताउनुभयो ।

माओले गान्धीको अहिंसात्मक सङ्घर्षको बाटोबारे असहमति व्यक्त गर्नुभएको पनि बसुले सम्झेका छन् । उहाँले हामीलाई साम्राज्यवादीहरूमध्ये पनि बेलायत सबभन्दा धूर्त, अनुभवी भएको र हामी (भारतीय) ले निकै कठिन र अप्ठ्यारो बाटो हिँड्नुपर्ने बताउनुभएको थियो ।

चिकित्सक टोलीका अगुवा छोकर भने माओका कुरासँग असहमत थिए । छलफलको क्रममा हाम्रा सहायक टोली नेता वरिष्ठ चिकित्सक छोकरले भनेका थिए, "गान्धीकै नेतृत्वमा हामीले स्वाधीनता पाउनेछौँ ।" छोकर कट्टर गान्धीवादी तर हिन्दू सम्प्रदायवादी थिए । उनको कुराको जवाफमा माओले बेलायती प्रतिक्रियावादी हिंसाको प्रतिरोधको लागि क्रान्तिकारी हिंसा आवश्यक हुने बताउनुभएको थियो ।

सन् १९३९ को अगस्टमा नेहरू छोङछिङको भ्रमणमा आउने कुराले चिकित्सक टोली निकै उत्साहित भएको थियो । नेहरू येनान पनि आउने उनीहरूलाई आशा थियो । तर, त्यस्तो भएन ।

**अपमानपूर्ण व्यवहार**

सन् १९४२ मा कोटनिसको निधन भयो । भारतीय चिकित्सक टोलीका सदस्यमध्ये बसु एक जनामात्र चीनमा बाँकी रहे । उनी सन् १९४३ को जुलाईसम्म चीनमा बसे । सन् १९४३ को जुलाईमा छोङछिङबाट खुन्मिङ हुँदै उनी आसामबाट कोलकोत्ता पुगे ।

उनले फर्किँदा विमान भारत प्रवेश गरेपछि हिमालय पर्वतको टाकुरा अजम्बरी हिउँले छोपिएको लेखेका छन् । चिसो डाकोटा विमानमा उनलाई न्यानो बनाउन चिनियाँ परिचारिकाहरूले न्यानो कम्बलले शरीर छोपिदिएको बसुले सम्झेका छन् ।

'विमानस्थलबाट बाहिर निस्कँदा मैले धेरै वर्षपछि पहिलोपटक आफ्नो देशका मान्छे देखेको थिएँ । कालो वर्ण, ठुला आँखा र नाक र पातला खुट्टा भएका भारतीयहरू हामीलाई खाना दिइरहेका थिए', उनले लेखेका छन्, "उधुम गर्मीले मलाई आफ्नो देशमा पुगेको अनुभूति दिलाएको थियो ।"

कोलकोत्ता अवतरण भएपछि बसुलाई ग्रेट इस्टर्न होटलको पछाडि सुरक्षा कार्यालयमा लगिएको थियो । त्यहाँ बेलायती र भारतीय सुरक्षा अधिकारीहरूले उनको अपमानजनक सोधखोज र खानतलासी गरेका थिए । उनीहरूले बसुलाई भारतीय सुरक्षा कानुनअनुसार जेल कोच्ने धम्कीसमेत दिएका थिए ।

"यसरी म मेरो देश फर्कें जहाँ भारतीयहरूमाथि यस्तो अपमानपूर्ण व्यवहार सामान्य भइसकेको थियो । पछि मात्र मलाई थाहा भयो, म सुभाषचन्द्र बोसको मान्छे हुन सक्ने भनी उनीहरू डराएका रहेछन् । त्यही भएर सबैजना हतियारसहित आएका रहेछन् । त्यत्तिबेला बोस सिङ्गापुरमा थिए ।"

चीनबाट फर्केपछि बसु भारतीय कम्युनिस्ट पार्टीका पूर्णकालीन कार्यकर्ता बने । सन् १९४४ मा उनले आफ्ना परममित्र कोटनिसबारे चलचित्र छायाङ्कन गर्न अहमद अब्बास र भी शान्तारामलाई मद्दत गरे ।

सन् १९५८ मा बसु अकुपञ्चर उपचार विधि अध्ययन गर्न पेइचिङ गए । फर्केर कोलकोत्तामा उनले चिनियाँ उपचार विधिमा आधारित पहिलो क्लिनिक खोले । उनको सन् १९८६ अक्टोबरमा ७४ वर्षको उमेरमा निधन भयो ।

सन् २०२५ को अगस्टमा चीन सरकारले बीके बसुलाई युद्धमा चिनियाँ जनताको सहायताको लागि अमूल्य योगदान गरेकोमा स्मृति पदकले सम्मान गर्‍यो ।

*(लेखक कमलाकरण मुम्बईका लेखक हुनुहुन्छ ।)*

***स्रोत : स्क्रोल डट आईएन (सबै तस्बिरहरू बसुको निजी सङ्कलनबाट उपलब्ध गराइएको हो ।)***

***अनुवाद : नीरज***



दक्षिण अमेरिकी देश भेनेजुयलाको राजधानी कराकसमा भेनेजुयाली सेनाद्वारा आयोजित पेरुको तरवार हस्तान्तरणको २०० औं वर्षको समारोहमा पेरुको तरवार ग्रहण गर्दै भेनेजुयाली राष्ट्रपति निकोलस मादुरो २६ नोभेम्बर २०२५ का दिन । ल्याटिन अमेरिकाका मुक्तिदाता सिमोन बोलिभारले पेरुका जनताको तर्फबाट पेरुको तरवार प्राप्त गरी स्पेनिस र पोर्चुगिज उपनिवेशवादी सेनासँगको लडाइँको नेतृत्व गरेका थिए । सो अवसरमा राष्ट्रपति मादुरोले मुक्तिदाता बोलिभारको स्वतन्त्रताको लडाइँलाई ल्याटिन अमेरिकालाई कब्जा गर्न खोज्ने संरा अमेरिकी साम्राज्यवादविरुद्धको सङ्घर्षमा प्रेरणाको रूपमा लिनुपर्नेमा जोड दिनुभयो ।

*तस्बिर : टाइम/भेनेजुयाली राष्ट्रपति कार्यालय*

# भ्रष्टाचारसम्बन्धी तीन मुद्दामा शेख हसिनालाई २१ वर्षको जेल सजाय

ढाका, २७ नोभेम्बर (एएनआई) । बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई ढाकाको एक विशेष अदालतले भ्रष्टाचार तथा षड्यन्त्रसँग सम्बन्धित तीनवटा धोखाधडीका मुद्दामा २१ वर्षको जेल सजाय सुनाएको छ । विशेष न्यायाधीश-५ मोहम्मद अब्दुल्लाह अल मामुनले प्रत्येक मुद्दामा सात-सात वर्षका दरले सजाय तोक्नुभएको हो ।

बङ्गलादेशको भ्रष्टाचारविरोधी आयोग (एसीसी) ले गत जनवरीमा शेख हसिना र उहाँको परिवारका सदस्यहरू विरुद्ध ढाकाको पूर्वाचल क्षेत्रमा सरकारी प्लट गैरकानुनी रूपमा बाँडेको गरेको आरोपमा छ वटा छुट्टाछुट्टै मुद्दा दायर गरेको थियो । बाँकी तीन मुद्दाको फैसला आउँदो डिसेम्बर १ मा सुनाइनेछ ।

अदालतले शेख हसिनाका छोरा सजीब वाजेद जोयलाई पाँच वर्षको कैद र एक लाख टाका जरिवाना तोकेको छ । त्यस्तै, छोरी साइमा वाजेद पुतुललाई पनि पाँच वर्षको जेल सजाय सुनाइएको छ ।

यसअघि बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आईसीटी) ले शेख हसिनालाई सन् २०२४ जुलाईमा सरकारविरोधी आन्दोलन दमनको क्रममा मानवता विरुद्धका अपराध गरेको ठहर गर्दै मृत्युदण्डको सजाय सुनाइसकेको छ । ती घटनामा मानव अधिकार उल्लङ्घन भएको भन्दै आइसिटीले थप कडा कारबाही गरेको थियो ।

शेख हसिना र उहाँका परिवारका सदस्यहरू फरार अवस्थामा रहेकाले मुद्दाहरूमा उनीहरूका तर्फबाट वकिल उपस्थित थिएनन् । तथापि, शेख हसिना र उहाँका निकटस्थहरूले विभिन्न भाषण र सार्वजनिक अभिव्यक्तिहरूमार्फत आफूहरू कुनै प्रकारको भ्रष्टाचारमा संलग्न नरहेको दाबी गर्दै आएका छन् ।

उता, मानवताविरुद्धका अपराधसम्बन्धी मुद्दामा मृत्युदण्ड सुनाइएकी शेख हसिनाको सुपुर्दगीका लागि बङ्गलादेशको अन्तरिम सरकारले भारतलाई गरेको अनुरोधबारे नयाँदिल्लीले हाल अध्ययन र मूल्याङ्कन गरिरहेको भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

साप्ताहिक मिडिया ब्रिफिङमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ढाकाबाट औपचारिक सञ्चार प्राप्त भएको जानकारी दिँदै भारतले बङ्गलादेशको शान्ति, लोकतन्त्र, समावेशीकरण र स्थिरताप्रतिको प्रतिबद्धता कायम राख्दै सबै पक्षसँग आवश्यक संवाद जारी राख्ने बताउनुभयो ।

सन् २०२४ जुलाईमा तत्कालीन प्रधानमन्त्री शेख हसिनाविरुद्ध विद्यार्थी नेतृत्वको व्यापक विद्रोह भड्किएको थियो । निरन्तर दबाबपछि उहाँ सन् २०२४ अगस्ट ५ मा देश छाडेर भारतमा शरण लिन पुग्नुभएको थियो । त्यसपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो, जसले हालसम्मका कानुनी तथा राजनीतिक प्रक्रियाहरू अघि बढाइरहेको छ ।

# इमरान खानको स्वास्थ्यबारे फैलिएको 'अफवाह' स्पष्ट पार्न सरकारसँग आग्रह

इस्लामाबाद, २७ नोभेम्बर (एएनआई) । पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) पार्टीले हिरासतमा रहनुभएका संस्थापक तथा पूर्व प्रधानमन्त्री इमरान खानको स्वास्थ्यसम्बन्धी बढ्दै गएको 'अफवाह' का बिच उहाँकै सुरक्षाबारे औपचारिक र पारदर्शी स्पष्टीकरण तुरुन्तै दिन सरकारसमक्ष अनुरोध गरेको छ । पार्टीले डन दैनिकलाई उद्धृत गर्दै इमरान खान र उहाँको परिवारबिच छिटोभन्दा छिटो भेटको व्यवस्था मिलाउन पनि माग गरेको छ ।

हालैका दिनहरूमा इमरान खानका बहिनीहरूलाई अडियाला जेलमा भेट्न अनुमति नदिँदा परिवारजन र समर्थकहरूबिच गम्भीर चिन्ता बढेको छ । बहिनीहरूलाई उहाँको वास्तविक अवस्थाबारे सोधपुछ गर्न र जेल प्रशासनले स्पष्ट धारणा नदिएकाले सुविधा बाहिरै धर्ना दिन समेत आग्रह गरिएको थियो ।

डनका अनुसार यी सबै शङ्काहरू सामाजिक सञ्जाल एक्समा तीव्ररूपमा फैलिएका अप्रमाणित दाबीहरूसँग जोडिएका हुन् । केही भारतीय सञ्चारमाध्यमहरूले समेत इमरानको स्वास्थ्य र सम्भावित निधनसम्बन्धी आधारहीन समाचार विस्तार गरेपछि 'इमरान खान कहाँ हुनुहुन्छ ?' ह्यासट्याग बिहीबार बिहान प्लेटफर्ममा व्यापकरूपमा ट्रेन्ड भएको थियो ।

एक्समै जारी गरिएको विज्ञप्तिमा पीटीआईले 'अफगान तथा भारतीय मिडिया र विदेशी सामाजिक मिडिया खाताहरूबाट इमरान खानको अवस्थाबारे घृणास्पद प्रकृतिका अफवाहहरू फैलाइएको' आरोप लगाएको छ । पार्टीले वर्तमान सरकार र गृह मन्त्रालयले यी सबै दाबीलाई तुरुन्तै खण्डन गर्न, तथ्यसहित जनतालाई जानकारी गराउन तथा परिवारसँग तुरुन्तै भेटको व्यवस्था मिलाउन आग्रह गरेको छ ।

पार्टीले भनेको छ, "इमरान खानको स्वास्थ्य, सुरक्षा र वर्तमान स्थितिसम्बन्धी राज्य पक्षबाट पारदर्शी र आधिकारिक विवरण सार्वजनिक हुनु अनिवार्य छ ।" साथै, यस्तो संवेदनशील विषयमा अफवाह फैलाउनेहरूको छानबिन गरी सत्य बाहिर ल्याइनुपर्ने मागसमेत पार्टीले गरेको छ । विज्ञप्तिमा भनिएको छ, "राष्ट्रले आफ्ना नेताको अवस्थाबारे कुनै पनि अनिश्चितता सहन सक्दैन ।"

पीटीआईले पुन: सरकारलाई 'इमरान खानको सुरक्षा, मानवअधिकार र संवैधानिक अधिकारको रक्षा सुनिश्चित गर्न' स्मरण गराउँदै आफूहरू सत्यको खोजीमा प्रत्येक कानुनी र राजनीतिक विकल्प प्रयोग गर्न तयार रहेको स्पष्ट पारेको छ ।

पार्टी नेत्री मेहर बानो कुरेसीले पनि इमरान खानसम्बन्धी अफवाहलाई अत्यन्त चिन्ताजनक बताउँदै एक्समा लेख्नुभएको छ, "खान साहेबको सुरक्षाको पूर्ण जिम्मेवारी सरकारकै हो र राष्ट्रलाई अद्यावधिक जानकारी दिनु यसको कर्तव्य हो ।" उहाँले इमरान खानका बहिनी, वकिल तथा पार्टी नेताहरूलाई भेट्न अनुमति दिनु नै 'सबैभन्दा विश्वसनीय र पारदर्शी उपाय' भएको बताउनुभयो ।

यसैबिच, रक्षामन्त्री ख्वाजा आसिफले बढ्दो अनुमानबारे टिप्पणी गर्दै एउटा पुरानो भिडियोको सन्दर्भ दिनुभयो, जसमा इमरान खानले पूर्वप्रधानमन्त्री नवाज सरिफले जेलमा सुविधा मागेको भन्दै आलोचना गर्नुभएको थियो । आसिफले इमरानकै जेल कोठामा 'टेलिभिजन, बाहिरबाट ल्याइने भोजन तथा व्यायामका मेसिनहरूको व्यवस्था रहेको' दाबी गर्नुभयो । आफू जेलमा हुँदा कम्बल अभाव र तातो पानी नपाई चिसो भुइँमा सुत्नुपरेको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "इमरानलाई दोहोरो ओछ्यान र मखमली सिरक उपलब्ध छ, जेल सुपरिटेन्डेन्टले व्यक्तिगत रूपमा हेरचाह गर्छन् ।"

आसिफले यस अवस्थालाई व्यङ्ग्य गर्दै भन्नुभयो, "इमरान खानले जेलको लाउडस्पीकरमै आफ्ना भाषण सुन्नुपर्छ, उहाँले भगवानसँग डराउनुपर्छ ।"

७३ वर्षीय इमरान खान सन् २०२३ अगस्टदेखि हिरासतमा हुनुहुन्छ र हाल १९ करोड पाकिस्तानी रुपैयाँको भ्रष्टाचार मुद्दामा अडियाला जेलमा थुनामा हुनुहुन्छ । सन् २०२३ मे ९ को घटनासँग सम्बन्धित आतङ्कवाद विरोधी ऐनअन्तर्गत उहाँमाथि थप मुद्दाहरू समेत दायर गरिएका छन् । उहाँको स्वास्थ्य र सुरक्षाबारे पीटीआईले निरन्तर चिन्ता व्यक्त गर्दै आएको डनले उल्लेख गरेको छ ।

# इन्डोनेसियामा ६.६ म्याग्निच्युडको भूकम्प

जकार्ता, २७ नोभेम्बर (एएफपी) । पश्चिमी इन्डोनेसियाको सुमात्रा तटमा बिहीबार ६.६-परिमाणको भूकम्प गएको संयुक्त राज्य भूगर्भीय सर्वेक्षण (युएसजीएस) ले जनाएको छ । युएसजीएसका अनुसार हालसम्म क्षति वा सुनामीको कुनै चेतावनी रिपोर्ट गरिएको छैन । भूकम्प, जुन सिमेउलु टापुमा बिहान ११:५६ बजे २५ किलोमिटरको गहिराइमा आएको जनाइएको छ । भूकम्पपछि हिन्द महासागर सुनामी चेतावनी केन्द्रले भूकम्पबाट उत्पन्न हुने सम्भावित सुनामीको 'कुनै खतरा' नभएको बताएको छ ।

इन्डोनेसियाको मौसम विज्ञान, जलवायु विज्ञान र जियोफिजिक्स एजेन्सी (बीएमकेजी) ले १० किलोमिटर गहिराइमा ६.३ म्याग्निच्युडको भूकम्प रेकर्ड गरेको तथा यो झट्काले सुनामी निम्त्याउने सम्भावना नभएको बताएको छ ।

इन्डोनेसिया, दक्षिणपूर्व एसियाको एक विशाल द्वीपसमूह, प्रशान्त क्षेत्रमा अवस्थित भएको कारण बारम्बार भूकम्पको सामना गर्ने गरेको जनाइएको छ ।

जनवरी २०२१ मा सुलावेसी टापुमा ६.२ म्याग्निच्युडको भूकम्प जाँदा एक सयभन्दा बढीको ज्यान लिएको र हजारौंलाई घरबारविहीन बनाएको थियो ।

सन् २०१८ मा पालु, सुलावेसीमा आएको ७.५ म्याग्निच्युडको भूकम्प र त्यसपछिको सुनामीले दुई हजार २०० भन्दा बढीको ज्यान लिएको थियो ।

# ढाका झुपडीमा भीषण आगलागी, हजारौं घरबारविहीन

ढाका, २७ नोभेम्बर (एपी) । बङ्गलादेशको राजधानी ढाकास्थित भीडभाडपूर्ण कोरेल झुपडपट्टीमा मङ्गलबार साँझ लागेको भीषण आगलागीले करिब एक हजार ५०० झुपडी जलेर वा क्षतिग्रस्त भएसँगै हजारौं बासिन्दा घरबारविहीन भएको अधिकारीहरूले बताएका छन् । आगलागीबाट कुनै मानवीय क्षति भएको खबर प्राप्त भएको छैन ।

अग्निशमन सेवा तथा नागरिक सुरक्षा विभागका ड्युटी अफिसर रसिद बिन खालिदका अनुसार आगो लागेपछि १६ घण्टापछि मात्र पूर्ण रूपमा नियन्त्रणमा ल्याइयो । अग्निशमन सेवाका निर्देशक लेफ्टिनेन्ट कर्नल मोहम्मद ताजुल इस्लाम चौधरीले आगोले विस्तृत क्षेत्रलाई प्रभाव पारेको र पीडितको सङ्ख्या अत्यधिक रहेको बताउनुभयो ।

करिब ६५ हेक्टर (१६० एकड) मा फैलिएको कोरेल झुपडपट्टीमा करिब ६० हजार परिवार बसोबास गर्छन्, जसमा जलवायु-प्रभावित शरणार्थीहरूको सङ्ख्या उल्लेखनीय छ । ढाकाका उच्चस्तरीय गुलशन र बनानीजस्ता अभिजात आवासीय क्षेत्रसँगै जोडिएको यो झुपडपट्टी बस्ती अग्ला अपार्टमेन्ट र कार्यालय भवनहरूले घेरिएको छ ।

आगलागी रातभर फैलिँदा क्षेत्रमा बाक्लो धुवाँको बादल देखिएको थियो । बुधबार बिहान बासिन्दाहरू आफ्ना घरका भग्नावशेषबिच डुल्दै जले-नजलेका केही सामान खोज्दै व्यस्त देखिन्थे । अग्नि नियन्त्रकहरूले साँघुरा गल्ली र अव्यवस्थित संरचनाका कारण घटनास्थलसम्म पुग्न निकै कठिनाइ भएको बताए ।

सन् २०२४ मा एक करोड २० लाख जनसङ्ख्या नाघिसकेको ढाका सयौं झुपडी बस्तीहरूको प्रमुख आश्रयस्थल बनेको छ । ग्रामीण बङ्गलादेशमा गरिबी, रोजगारीको अभाव तथा जलवायु-प्रेरित प्रकोपले पीडितहरूलाई सहरका यस्ता भीडभाड र जोखिमपूर्ण बस्तीहरूमा बसाइँ सर्न बाध्य बनाउने गरेको छ, जहाँ उनीहरूले दैनिक श्रमिक, रिक्सा चालक, घरेलु कामदार र सरसफाइ कर्मचारीका रूपमा गुजारा चलाउँदै आएका छन् ।

# ह्वाइट हाउसनजिकै दुई सैनिकको हत्या अफगान नागरिकमाथि ट्रम्पको गम्भीर आरोप

वासिङ्टन, २७ नोभेम्बर (एएफपी) । राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउस नजिकै दुई नेसनल गार्ड सैनिकमाथि भएको घातक गोलीकाण्डलाई 'आतङ्ककारी कार्य' भन्दै तालिबान शासनबाट भागेर अमेरिका प्रवेश गरेका एक अफगान नागरिकलाई मुख्य संदिग्धको रूपमा आरोपित गर्नुभएको छ ।

राष्ट्रपति ट्रम्पद्वारा भिडियो सन्देशमार्फत गरिएको यो अभिव्यक्तिले अमेरिकी सैन्य तैनाथी, आप्रवासन नीति र अफगानिस्तान युद्धको दीर्घ प्रभावजस्ता राजनीतिक रूपमा संवेदनशील मुद्दाहरूलाई पुन: चर्चाको केन्द्रमा ल्याएको छ ।

ट्रम्पका अनुसार आक्रमण 'दुष्ट, घृणित र राष्ट्रविरुद्धको' थियो । ह्वाइट हाउसबाट मात्र दुई ब्लक टाढा गोली चलाएपछि पक्राउ गरिएका व्यक्ति 'अफगानिस्तानबाट प्रवेश गरेका विदेशी' भएको उहाँले दाबी गर्नुभयो । सन्दिग्ध सन् २०२१ मा अफगानिस्तान पतनपछि अमेरिकी निकासी उडानमार्फत अमेरिका आएको उल्लेख गर्दै ट्रम्पले उक्त प्रक्रियाको कठोर पुन:मूल्याङ्कन आवश्यक रहेको बताउनुभयो ।

मेट्रो स्टेसन नजिकै व्यस्त समयमै भएको यो आक्रमणले ट्रम्पद्वारा विभिन्न डेमोक्रेट-नियन्त्रित सहरहरूमा तैनाथ गरिएका सैनिकहरूको भूमिकाबारे उठेका कानुनी चुनौती र आलोचनालाई झनै प्रबल बनाएको छ । यसै क्रममा ट्रम्पले 'अवैध आप्रवासी उखेल्ने अभियान' लाई फेरि तीव्र गर्ने सङ्केत दिएका छन् ।

ट्रम्पको भनाइपछि युएस सिटिजनसिप एन्ड इमिग्रेसन सर्भिसेसले अफगान नागरिकसँग सम्बन्धित सबै आप्रवासन प्रक्रियाहरू अनिश्चितकालका लागि रोक्ने घोषणा गरेको छ ।

वासिङ्टनका सहायक प्रहरी प्रमुख जेफ्री क्यारोलका अनुसार आक्रमण पूर्ण रूपमा 'एम्बुस' शैलीको थियो । बन्दुकधारीले कुनाबाट निस्कँदै सिधै सैनिकलाई लक्ष्य बनाएको थियो । एफबिआई निर्देशक कास पटेलले दुवै सैनिक गम्भीर घाइते रहेको पुष्टि गर्नुभयो । प्रत्यक्षदर्शीहरूले अचानक धेरै गोली चलेको, मानिसहरू आतङ्कमा भागिरहेको र केही नेसनल गार्ड सदस्यहरू हतियारसहित मेट्रोतिर दौडिरहेको बताए ।

आक्रमणपछि सुरक्षाकर्मीहरूले क्षेत्र पूरै घेराबन्दी गरे । हेलिकप्टरले आकाशबाट निगरानी गरिरहेको अवस्थामा आपत्कालीन टोलीले घाइते सैनिकलाई उद्धार गरी एम्बुलेन्सतर्फ लैजाँदै गरेको दृश्य एएफपी पत्रकारहरूका लागि अत्यन्तै व्यग्र देखिन्थ्यो ।

अफगान शरणार्थीहरूको सहायतामा संलग्न समूह 'अफगानइभाक' ले कुनै पनि एक व्यक्तिको हिंसात्मक कार्यलाई सम्पूर्ण समुदायमाथि दोषारोपण गर्ने आधार नबनाउन आग्रह गर्दै अमेरिका आउने प्रत्येक अफगानले कडा सुरक्षा जाँचबाट गुज्रिनैपर्ने बताएको छ ।

ट्रम्प प्रशासनले राजधानीमा सुरक्षा बलको उपस्थिति व्यापकरूपमा बढाएका बेला गत हप्ता मात्र एक सङ्घीय न्यायाधीशले वासिङ्टनमा नेसनल गार्डको तैनाथी गैरकानुनी ठहर गरिसकेका थिए । तर, बुधबारको घटनापछि रक्षामन्त्री पिट हेग्सेथले थप ५०० सैनिक तैनाथ गर्ने घोषणा गर्दै राजधानीमा तैनाथ सङ्ख्या दुई हजार ५०० सम्म पुऱ्याइएको जानकारी दिनुभयो ।

# सिम्रौनगढको पुरातात्विक महत्त्व-२

✍ सृजना प्रजापति

## सिम्रौनगढको शिलालेख

ई.सं. १९९२ मा सिम्रौनगढमा एक शिलालेखको टुक्रा स्थानीय शिक्षकले देखाएका थिए । यसलाई पछि विस्तृत विश्लेषण गरियो (गार्विनी, इ.सं.१९९१) यो खण्डित शिलालेख (त.नं.७) सिम्रौनगढमा पाइने अन्य प्रस्तर मूर्ति जस्तै कालो ढुङ्गामा कुँदिएको थियो । यसमा कुँदिएका लिपिको विश्लेषण गर्दा गौदिया, बङ्गाली र देवनागरीको प्रभाव देखिन्थ्यो । जुन पाल-सेन समयमा विकास भएको हुनसक्छ । प्राविधिक दृष्टिले हेर्दा शुध्द, एकनासको, सावधानी र सतर्कतापूर्वक लेखिएको देखिन्छ । बङ्गाली प्रभाव भएर पनि केही स्थानीयता थपिएको पनि देखिन्छ ।

यस खण्डित शिलालेखमा संवत्को उल्लेख पाइएन । यसमा सात लहर अक्षरहरू रहेको छ । नेपाली प्रचलनअनुसार सुरुमा लामो व्याख्या देवताको र राजाहरूको आउने जस्तै यो शिलालेखको अघिल्लो भाग भएकोले त्यस्तै नै व्याख्या आएको छ । पहिलो लहरमा देवीले प्रसन्न भई अमरत्वको आशिष दिने कुरा उल्लेख गरिएको छ *(गार्विनी, १९९१)* । यसले मिथिलामा कर्नाटक साम्राज्य रहेको, मिथिला र सिम्रौनगढका शासकहरू मिथि तथा भागवत पुरानजस्ता शब्दहरू उल्लेख भएका छन् ।

'ललित विस्तार' नामक बौद्ध ग्रन्थमा ६४ जना लिपिकहरूको विवरण पाइन्छ । जसमा एक लिपि 'वैदेही' उल्लेख गरिएको छ । सोही सिलसिलामा मिथिलाको नाम प्रख्यात भएपछि 'वैदेही लिपि' 'मैथिली लिपि' बन्यो र तिरहुतको नाम प्रख्यात भएपछि 'तिरहुता लिपि' बन्यो । जसको प्रत्यक्ष प्रमाण सिम्रौनगढबाट पाइने खण्डित शिलालेख हो जसमा तिरहुता लिपि लेखिएको छ *( सिहं, ई.सं. २०२३)* ।

## सिम्रौनगढमा पुरातात्विक अन्वेषण

यस कार्यपत्रको एक उद्देश्य पुरातात्विकबाट पाइएका वस्तुहरूको जानकारी र विश्लेषणहरू केलाएर ऐतिहासिकतालाई पुष्टि गर्नु हो । यस क्षेत्रमा ई.सं. १९९१, १९९२, १९९४ र हालसालै पनि पुरातात्विक उत्खनन् कार्य गरिएको छ । पहिले १९९१ तिरको उत्खनन् पुरातत्त्व विभाग र इटालियन अनुसन्धान इन्स्टिच्युटले गरेको थियो । जसमा ७.५ कि.मि. उत्तर-दक्षिण र ४.५ कि.मि. पूर्व-पश्चिम गारोको घेरा रहेको पाइयो *( न.नं.३)* । यसमा कैयौं पुरातात्विक वस्तुका साथै मूर्ति र शिलालेखहरू पनि पाइएको थियो *(भिडाले र लुग्ली, वि.सं. २०४८)* ।

उत्खननको सुरुमा उत्तर र पूर्वको किल्लाको गारोहरू सर्वेक्षण गरिएको थियो । त्यसपछि रानीवास क्षेत्रमा विस्तृत अध्ययन गरिएको थियो *(न.नं.४)* । विभिन्न नमुनाहरू परीक्षण गर्नको लागि जम्मा गरिएको थियो । रानीवासको एक ढिस्कोमा गरिएको उत्खनन् (न.नं.४) परीक्षण (ट्रेन्च पिट) मा विभिन्न तहहरू *(न.नं.३)* देखिएको थियो । उक्त नक्सामा बुझ्न सजिलोको लागि चार थरी अङ्क र त्यसको प्रतीक (Symbol) लाई देखाइएको छ *(न.नं.३)* । ती चार विभाजनमा पहिलो आगोले डढेको बालुवा, दोस्रोमा कोइला (Charcoal), तेस्रोमा माटाका र अन्य सेरामिकमा भाँडाहरू र चौथोमा माछाका काँडाहरू रहेका छन् *( भिडाले र लुग्ली, वि.सं. २०४८)* ।

विभिन्न पुरातात्विक वस्तुमध्ये माटाका भाडा तथा माटाले बनाइएका अन्य वस्तुहरूको (न.नं.४) विश्लेषण उक्त रिपोर्टमा गरिएको थियो । जसको लागि ३००० भन्दा बढी नमुना सङ्कलन गरिएको थियो । तीमध्ये ४५० वटा पूर्ण भाँडाहरूलाई विश्लेषण गरिएको थियो । त्यसलाई जाँच्न चार समूहमा विभाजन गरियो । तिनीहरू लामो सोलि आकारका कचौरा (Truncated–cone shaped Bowl), चेप्टो पिँध भएको भाँडो (Carinated Pot), अर्धगोलाकार भाँडा (Hemispherical Vernels) र भाँडाको माथिल्लो तहका आकृतिहरू (Various Lid Types) हुन् *(भिडाले र लुग्ली, वि.सं.२०४८)* । यिनीहरूलाई पहिले अध्ययन भइसकेका हस्तिनापुर, वैशाली र गङ्गा क्षेत्रका भाँडासँग तुलनात्मक अध्ययन गरिएको थियो ।

माटाका भाँडा परीक्षण गर्न विभिन्न प्राविधिक पक्षहरूलाई आधार बनाइएका थिए । जस्तो बाहिरी सतहमा तेर्सो धर्साका गहिराइ, भित्री सतहमा कुँदिएका गहिराइ, भाँडाका मोटाइ तथा सतहमा समानता, भाँडाको माथिल्लो तह सिधा वा छड्के आदि थिए । भाँडाहरूबाहेक पाला, मृन्मयका जनावरहरू, माटाकै दानाहरू ( Beads), माटाकै बल, फलामे वाणको टाउको, मृन्मयको गद्दा (Dabber) आदि पनि पाइएका थिए । साथै खैरो माटाका



भाँडाका टुक्राहरू (Gray Ware) पनि पाइएका थिए । यसबाहेक १२० थरी बीउहरू पनि यहाँ पाइएका थिए । यसरी पाइएका बीउमा केराउ, मुसुरो, धान र फलफूलका बीउ आदि थिए *(भिडाले र लुग्ली, वि.सं.२०४८)* ।

यसरी पाइएका वस्तुहरू तथा स्थानको सतहलाई तुलनात्मक तथा विश्लेषणात्मक अध्ययन गरिएको थियो । जसले त्यहाँको बस्तीको समयक्रम बुझ्न मद्दत गर्‍यो । समयक्रमलाई पनि चार तहमा बाँडिएको थियो । पहिलो तह ( Horizon I) वैशालीको ई.सं. ३००-५०० सँग दाँजिएको थियो । दोस्रो तह ( Horizon II) लाई कुदानको ई.सं. ९८५+७६ सँग, तेस्रो तह (Horizon III) कुदानकै ८-१० औं शताब्दी र चौथो (Horizon IV) हस्तिनापुरसँग ज्यादा मिल्दो पाइएको थियो *(भिडाले र लुग्ली, वि.सं.२०४८)* ।

## पालकियामाइमा नयाँ उत्खनन्

हालसालै (सर्राफ, वि.सं.२०८१) पुरातत्त्व विभागले पालकिया (तलेजु) माई परिसरमा उत्खनन् गरेको थियो । यस उत्खनन्मा महत्त्वपूर्ण पुरातात्त्विक वस्तुहरू (त.नं.९) भेटिएका छन् । उत्खनन् गरिएको ठाउँमा पुरानो इँट बिच्छ्याइएको चोक ( Courtyard) भेटिएको छ । दुई ठुलठुला प्रस्तरकै खम्बाहरू पनि लडेको पाइएको छ । जुन पुरानो खम्बा जति कलात्मक छैन तर आकार र उचाइ करिब उस्तै देखिन्छ । साथै थुप्रै इँटका टुक्राहरू, माटाका भाँडा, ढुङ्गाका डल्लाहरू, वास्तुकलाका टुक्राहरू र मन्दिरको टुप्पोमा पाइने अमलकसमेत पाइएको छ । बाघचाल खेलका लागि कुँदिएजस्तो इँट, हड्डीका टुक्रा पनि पाइएको छ ।

## छलफल/विश्लेषण

प्रस्तुत ऐतिहासिक प्रमाणका आधारमा सिम्रौनगढ ऐतिहासिक र पुरातात्त्विक रूपमा महत्त्व बोकेको ठाउँ देखिन्छ । वंशावलीमा लेखिएका ऐतिहासिक सूचनाहरूलाई पुरातात्त्विक प्रमाणले समेत पुष्टि गरेको छ । यस कार्यपत्रको उद्देश्य अनुरूपको मुख्य प्राप्तिमा पेस गरिएका कुरालाई तल छलफल/विश्लेषण गरिएको छ ।

सिम्रौनगढ नेपालको मध्यकालीन बस्तीमध्ये एक भएकोले यसमा विभिन्न किंवदन्ती तथा ऐतिहासिकता जोडिएका छन् । यस सहरको नामसँग समेत विभिन्न किंवदन्ती जोडिएका छन् । सहरको नाम पनि सिमरावनगढ, सिमध:निगुगढ, तिरहुत, डोयहरूको राजधानी आदि थियो । सहरको ऐतिहासिकता जोडिने गरी लेखिएका थुप्रै वंशावली, यात्रा वर्णन र डायरी रहेका छन् । तीमध्ये धर्मस्वामी र फाडर क्यासियानोले महत्त्वपूर्ण नोट आफ्नो डायरीमा टिपेका छन् । धर्मस्वामी ई.सं. १२३६ मा यहाँको भ्रमण गरेका थिए । उनले रामसिंहदेवको पालामा भ्रमण गर्दा रामनवमीको उत्सवको बेला थियो *(पाण्डेय, २०८०)* । त्यस्तै, फाडर क्यासियानोले भारतबाट नेपाल आउँदा सिम्रौनगढमा भग्नावशेष देखेको उल्लेख आफ्नो डायरीमा गरेका छन् । भक्तपुरमा पुगेर त्यसबारे सोधेको कुरा समेत उल्लेख छ । साथै त्यहाँको नक्सा यहाँ ढुङ्गामा र मुद्रामा कुँदिएको भनी आफ्नो डायरीमा खेस्रासमेत बनाएका थिए । यी ऐतिहासिक सूचनाबाट सिम्रौनगढ साँच्चिकै एक भव्य सहर हुन सक्ने सम्भावनालाई उजागर गरेको छ । थप पुरातात्त्विक अन्वेषण गरी त्यो बेलाको वर्णनअनुसारको विशाल गढ फेला पार्न सकिने सम्भावना देखाएको छ । यस सहरको इतिहासमा आक्रमणको कुरा नेपाली स्रोतमा मात्र नभई फेरिस्ताजस्ता मुस्लिमहरूको स्रोतमा समेत उल्लेख भएबाट यहाँ आक्रमण भए सहर ध्वस्त भएको कुरा सत्य देखिन आउँछ ।

हाल यथास्थितिमा बाँकी पुरातात्त्विक स्थलहरूमा कंकाली मन्दिर परिसर, रानीवास (राम जानकि मन्दिर र सत्तल) र केही पोखरीहरू रहेका छन् । यी मन्दिरहरू मध्यकालीन देखिने अवशेषहरू अहिले देखिँदैन ।

शिलालेख र मूर्तिहरू पनि पुरातात्त्विक वस्तु नै हुन् । तर, यसको परीक्षण तथा अध्ययन विधि फरक हुने कारणले छुट्टै अध्ययन गरिएको हो । यहाँ प्राप्त शिलालेखको टुक्राले पनि यो स्थानमा १२ औं शताब्दीमै लेखन कला विकास भइसकेको प्रमाण दिन्छ । यहाँ पाइएको खण्डित शिलालेखको उत्कृष्ट लिपि र कुँदिएको शैलीले त्यतिबेला यहाँको सभ्यता उच्च रहेको देखाउँछ । मूर्तिकलाले यो कुरालाई थप प्रमाणित गर्दछ । यहाँको मूर्तिकलाको विशेषतामा कालो ढुङ्गा, तालमान मिलेको र उत्कृष्ट कला युक्त रहेको छ । मूर्तिकला पाल-सेन शैलीको प्रभाव देखिएबाट यहाँको भग्नावशेष बस्ती १२ औं शताब्दीभन्दा अघिदेखिकै विकास हो भन्नेमा थप प्रमाण दिएको छ । यी प्रमाणहरूले मध्यकालीन नेपाल काठमाडौं उपत्यकाभन्दा बाहिर पनि विकसित भएको जानकारी दिन्छ ।

ती ऐतिहासिक जानकारीका आधारमा ई.सं. १९९१, १९९२ १९९४ मा पुरातत्त्व विभाग र इटालिएन समूहको सहयोगमा संयुक्त उत्खनन् गरेका थिए । यसबाट थुप्रै पुरातात्त्विक वस्तु, भाँडाहरू, मृन्मय कलाका वस्तुहरू पाइएका थिए । जसलाई विभिन्न तहहरू, समयक्रम विभाजन गरी विश्लेषण गरिएको थियो । यहाँ पाइएका माटाका भाँडाहरूलाई पहिले समय निर्धारण गरिसकेका पुरातात्त्विक वस्तुसँग तुलनात्मक अध्ययन गरिएको थियो । जस्तै:- हस्तिनापुर वैशाली, गङ्गा क्षेत्र आदि । त्यसका लागि माताको भाँडाका सतहका धर्साहरू, मोटाइ, भाँडाका माथिल्लो भाग आदिलाई आधार बनाइएका थिए । यी अध्ययनबाट यहाँ ईस्वीको तेस्रो, चौथो शताब्दीदेखि नै बस्ती रहेको पुष्टि गरेको थियो । उत्खनन्को क्रममा माछाका काँडाहरू, केराउ, मुसुरो धान तथा विभिन्न १२० प्रजातिका बीउसमेत भेट्टाएका थिए । जसको अध्ययनबाट तात्कालीन समयको खाद्य संस्कृतिबारे थुप्रै जानकारी प्रदान गर्छ ।

पालकिया (तलेजु) माईकोमा भएको नयाँ उत्खनन्बाट थप तथ्यहरू प्रदान गरेको छ । त्यस स्थानको पुरातात्त्विक उत्खनन्बाट पाइएका इँट बिछ्याइएका चोक, प्रस्तरका खम्बा र अमलकले सो स्थानमा मन्दिर रहेको देखाउँछ । त्यस क्षेत्रमा बृहत् उत्खनन् गर्नुपर्नेतर्फ प्रकाश पारेको छ । तलेजु मन्दिरका अन्य भग्नावशेष पनि भेटिन सक्ने सम्भावनासमेत उजागर गरेको छ ।

## निष्कर्ष

सिम्रौनगढ एक मध्यकालीन राजधानी सहर थियो । गो.रा.वं.मा उल्लेख भएअनुसारको नान्यदेवदेखिको इतिहासलाई पुरातात्त्विक अवशेष भेटिएबाट थप पुष्टि गरेको छ । हाल यहाँ त्यस समयका सम्पदाहरू पूर्ण जीवित छैनन् । कंकाली मन्दिर र राम जानकी मन्दिर पछिल्लो एक/दुई शताब्दीभित्र बनेको हो । शिलालेख र मूर्तिहरूले यस स्थानलाई पूर्वमध्यकालसम्म पुर्‍याइएको छ । पुरातात्त्विक उत्खनन्बाट पाइएका वस्तुहरूको तुलनात्मक अध्ययनबाट भने यहाँ ईस्वीको तेस्रो-चौथो शताब्दीदेखि नै बस्ती सुरु भइसकेको तथ्यलाई पुष्टि गरेको छ ।

## सन्दर्भ सामग्री

● गार्विनी, रिकार्डो (इ.सं.१९९१), ए फ्रागमेन्टरि इन्सक्रिप्सन फ्रम सिम्रौनगढ, दि एन्साइन्ट मिथिला क्यापिटल, प्राचीन नेपाल, १३५, १-९ ।
● चिमिनो, रोजा मारिया (ई.सं. १९८६), सिम्रौनगढ, दि फोरगट्टन सिटि एन्ड इट्स आर्ट, कन्ट्रिब्युसन टु नेपालिज स्टडिज, १३ (२), २७७-२८८ ।
● दर्नाल, प्रकाश (ई.सं. २०१८), ए रिभ्यु अफ सिम्रौनगढस् हिस्ट्रि अन इट्स नेक्सस् एरियाज विथ रेफेरेन्सेस अफ आर्कियोलोजिकल इभिडेन्स, धवलागिरी जर्नल अफ सोसियोलोजी एन्ड एन्थ्रोपोलोजी, १२, १८-२२, ।
● पाण्डेय, विजय किशोर (वि.सं. २०८०), सिम्रौनगढको इतिहास, भुँडीपुराण प्रकाशन ।
● बज्राचार्य, धनबज्र (वि.सं. २०६४), गोपालराज वंशावलीको ऐतिहासिक विवेचना, नेपाल र एसियाली अनुसन्धान केन्द्र ।
● बालिङ्गर, थोमस (ई.सं. १९७३), सिम्रौनगढ रिभिजिटेड : ए रिपोर्ट अन सम अब्जरभेसनस् मेड एट दि रुइनस्.........., कैलाश, १(३), १८०-१८४ ।
● भिडाले, म्यासिमो र लुग्ली, फ्रान्चेस्का (वि.सं. २०४८), आर्कियोलोजिकल इन्भेस्टिगेसनस् एट सिम्रौनगढ, फेब्रुअरी-मार्च १९९१, प्राचीन नेपाल, १२६-१२७, १-३५ ।
● मिश्र, रमेशकुमार (ई.सं. २०२१), नान्यदेव : एक ऐतिहासिक अध्ययन, वाराणसी विश्वविद्यालय प्रकाशन ।
● रिपोर्ट (ई.सं. २०१९), रिपोर्ट अन डकुमेन्टेसन एन्ड कन्जरभेसन अफ सिम्रौनगढ (अप्रकाशित रिपोर्ट), डिपार्टमेन्ट अफ आर्किटेक्चर, थापाथली क्याम्पस ।
● लुडेन, स्टाफन (ई.सं. १९९४), ए नेपालीज् ल्याबिरिन्थ, काइद्रोइया, २६, १३-२१ ।
● लेवी, रोबर्ट (ई.सं. १९९२), मेसोकोज्म : हिन्दुइज्म एन्ड द अर्गनाइजेसन अफ अ ट्रेडिसनल नेवार सिटी इन नेपाल, मोतिलाल बनार्सिदास पब्लिसरस् प्रा.लि. ।
● सिहं, डी.के. (ई.सं. २०२३), सिम्रौनगढ अतितसे वर्तमान तक, एसियन प्रेस ।
● श्रेष्ठ, कृष्णप्रकाश (वि.सं. २०४४), स्थाननाम - कोश (प्रथम संस्करण), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
● श्रेष्ठ, कृष्णप्रकाश (वि.सं.२०६७), स्थाननामकोश (दोस्रो संस्करण), हिमाल किताब प्रा.लि. ।
● सर्राफ, आशुकुमार (मङ्सिर १०, २०८१ सोमबार), सिम्रौनगढमा पुरातात्त्विक उत्खनन : पुराना इँटाले छापेको आँगन र स्तम्भजस्तो देखिने ढुङ्गे संरचना फेला, यात्रा डेली https://yatradaily .com/news/detail/66453/?sfnsn=...... ....
https://www.facebook.com/photo?fbid=3032377660249586&set=pcb .3032377900249562 .
https://www .facebook .com/photo .php?fbid=4796202300605207&set=pb .100006464526384 .-2207520000&type=3.

-समाप्त

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नगर शिक्षा शाखा**

**कक्षा १० को एसईई परीक्षा-२०८२ सम्बन्धी सूचना**

यस भक्तपुर नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका (सामुदायिक र संस्थागत) विद्यालयहरूमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि नगरपालिकाद्वारा सञ्चालन हुने एसईई तयारी परीक्षा-२०८२ को परीक्षा आवेदन फाराम मिति २०८२ मङ्सिर १२ गते शुक्रबारदेखि खुला गरिएको हुँदा सम्बन्धित सम्पूर्ण विद्यालयहरूलाई सम्पर्कको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै कक्षा १० का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने एसईई तयारी परीक्षा-२०८२ तपसिलबमोजिम सञ्चालन हुने गरी परीक्षा तालिका प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ ।

**परीक्षा आवेदन फाराम बुझाउने अन्तिम मिति :**
१) २०८२ पुस ७ गते, सोमबार

**परीक्षा तालिका**


समय : बिहान ८:०० बजेदेखि

| क्र.सं. | मिति | विषय | |
|---|---|---|---|
| | | साधारणतर्फ | प्राविधिकतर्फ |
| १ | २०८२।०९।२४, बिहीबार | अनिवार्य अङ्ग्रेजी | अनिवार्य अङ्ग्रेजी |
| २ | २०८२।०९।२५, शुक्रबार | अनिवार्य नेपाली | अनिवार्य नेपाली |
| ३ | २०८२।०९।२८, सोमबार | अनिवार्य गणित | अनिवार्य गणित |
| ४ | २०८२।०९।२९, मङ्गलबार | अनिवार्य विज्ञान तथा प्रविधि | अनिवार्य विज्ञान तथा प्रविधि |
| ५ | २०८२।०९।३०, बुधबार | अनिवार्य सामाजिक अध्ययन | Building Construction and Drawing |
| ६ | २०८२।१०।०२, शुक्रबार | ऐच्छिक प्रथम पत्र सबै | Optional Mathematics |
| ७ | २०८२।१०।०४, आइतबार | ऐच्छिक द्वितीय पत्र सबै | Engineering Surveying-I |
| ८ | २०८२।१०।०५, सोमबार | | -Estimating Costing and Supervising-I |
| ९ | २०८२।१०।०६, मङ्गलबार | | -Highway Engineering |

क) माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका क्रियाकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०८२ पुस १० गतेसम्म सञ्चालन गरी तोकिएको ढाँचाको Markslip २०८२ पुस १५ गतेभित्र नगर शिक्षा शाखामा Hard Copy र Soft Copy दुवै बुझाउनु पर्नेछ । साथै प्रयोगात्मक परीक्षाको परीक्षा तालिका नगर शिक्षा शाखामा जानकारी गराउनुपर्नेछ ।
ख) परीक्षामा सहभागी हुने विद्यार्थीहरूको समष्ठिगत विवरण शिक्षा शाखाले पठाएको ढाँचामा २०८२ पुस १० गतेभित्र Hard Copy र Soft Copy दुवै बुझाउनुपर्नेछ ।
ग) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**०१-६६१०११६**

# हार्दिक श्रद्धाञ्जली



**हरिभक्त सुवाल**

**जन्म : १९९३/०५/०५** **निधन : २०८२/०८/०६**

**हाम्रा पूजनीय पिता/हजुरबुबा/जिजुबुबा हरिभक्त सुवालको असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।**

**छोरी-ज्वाइँ**

शिवलक्ष्मी-आसराम कोजू
सीतालक्ष्मी-लक्ष्मीप्रसाद लाखा
सङ्गीता-आशकुमार ध्वँजु
राज्यलक्ष्मी-गणेशमान कोजू
मीना-सञ्जीव मानन्धर
अर्चना-महेन्द्र श्रेष्ठ

**नाति/नातिना**

कृष्णराम-पूर्णलक्ष्मी कोजू
कृष्णप्रसाद-सरी कोजू
कृष्णसुन्दर-लक्ष्मी कोजू
उकेश-सुमित्रा लाखा
आशिष-सृष्टी लाखा
कृष्णकमल-प्रकाश श्रेष्ठ
रविना लाखा-सुवास श्रेष्ठ
सविना लाखा-रुपक पुडासैनी
विकल कोजू, रुगेश कोजू
नविन कोजू, मनिष ध्वँजु
अनिष ध्वँजु, आभास श्रेष्ठ

**पनाति/पनातिना**

आर्यन कोजु
तृष्णा कोजु
लकिना कोजु
उर्भी लाखा
तेजश्री श्रेष्ठ
ओजश्री श्रेष्ठ

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको सञ्चालक समितिको मिति २०८२/०८/०७ गतेको बैठकको निर्णयानुसार मिति २०८२/०८/०८ गतेदेखि लागु भएको बचत सेवाको ब्याज दर र हाल कायम रहेको ऋण सुविधाको ब्याज दर**

| बचतको प्रकार | ब्याज दर | ऋण सुविधा | ब्याज दर |
|---|---|---|---|
| नियमित बचत | ५% | कृषि/स्वास्थ्य/नवनिर्माण | ७.५% |
| स्वास्थ्य बचत | ५% | शैक्षिक | ८% |
| बाल बचत | ५% | हायरपर्चेज/सवारी साधन | ८.५% |
| शेयर डिपोजित बचत | ३% | घर निर्माण | ८% |
| ऐच्छिक बचत | २% | उपभोग्य/घरायसी | ९% |
| दैनिक बचत | २% | उद्योग/पशुपक्षी पालन/सामूहिक | ८.५% |
| समृद्धि बचत | २% | व्यापार/व्यवसाय/सरल व्यवसायिक | ८.५% |
| **आवधिक बचत:** | | घरजग्गा खरीद | ९.५% |
| १ वर्षे | ३.५% | निक्षेप कर्जा/बचत सरह | थप २% |
| ९ महिने | ३% | दैनिक बचत ऋण | ८.५% |
| ६ महिने | २.५% | लघुवित्त समूह जमानी | ८.५% |
| ३ महिने | २% | पेसागत ऋण | ८.५% |
| ज्येष्ठ नागरिक बचत (३ महिने-१ वर्षे) | २.२५% - ३.७५% | जमानी (बचत/शेयर र सदस्य) | ८% |
| | | नव उद्यम/आकस्मिक व्यवसायिक | ६.५% |
| १ वर्षे मासिक ब्याज भुक्तानी योजना(प्रतिलाख) | २९०।- | **व्यवस्थापक** | |

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

## हार्दिक समवेदना



**जन्म:** १९९३/०५/०५
**निधन:** २०८२/०८/०६


भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. २ मिवाछैं टोल बस्ने यस संस्थाका सदस्यता नं. **२२३१** का सदस्य **हरिभक्त सुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना

**जन्म**
**१९९३/०५/०५**



**निधन**
**२०८२/०८/०६**

यस बालाखु गणेश भजन गुठीका नाइके **हरिभक्त सुवाल**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बालाखु गणेश भजन गुठी परिवार**

भनपा-२, भक्तपुर

**सैन्यवादलाई...**

उहाँका अनुसार, यस विषयमा भियतनामको अडान स्पष्ट र निरन्तर छ अर्थात् 'एक चीन सिद्धान्त'को समर्थन गर्दछ । थाइवान जलडमरू क्षेत्रको शान्ति, स्थिरता र सहकार्य सो क्षेत्र र विश्वका लागि महत्त्वपूर्ण छ । भियतनामले सम्बन्धित पक्षहरूसँग क्षेत्र र विश्वको शान्ति, स्थिरता र विकासमा सकारात्मक योगदान पुऱ्याउने आशा गर्दछ ।

**टेलिभिजनसम्बन्धी...**

आत्मनिर्भर व्यक्तिले स्वाभिमानीपूर्वक बाँच्न पाउने धारणा राख्दै उहाँले विदेशीको सहयोगले व्यक्ति, समाज र देशलाई नै परनिर्भरतातर्फ धकेलिने हुँदा सबैजना सचेत हुनुपर्ने बताउनुभयो ।

ख्वप टेलिभिजन सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य एवम् भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले सञ्चारमाध्यम मनोरञ्जनको विषयमा मात्र सीमित हुनुको सट्टा सन्देशमूलक हुनु जरूरी छ भन्नुभयो ।

नगरपालिकाका विविध गतिविधिहरूलाई जनतासमक्ष प्रस्ट पार्न विभिन्न सञ्चारमाध्यमको प्रयोग गर्दै आएको उहाँले बताउनुभयो ।

तालिमका प्रशिक्षक कृष्णकाजी मानन्धरले प्रशिक्षार्थीहरूमा आफूले लिने तालिमसम्बन्धी ज्ञान र रूचि आवश्यक भएको स्पष्ट पार्दै तालिमले टेलिभिजन प्रसारण र व्यवस्थापनको लागि दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने बताउनुभयो ।

तालिममा एआई प्रविधिको प्रयोग, क्यामेरा, कन्टेन्ट क्रियसनलगायतका विषय पनि सिकाइने जानकारी दिँदै उहाँले तालिम लिएर उपलब्धि हासिल गर्न प्रशिक्षार्थीलाई प्रेरित गर्नुभयो ।

कार्यक्रममा ख्वप टेलिभिजनका दीपेन्द्र प्रजापति र व्यवस्थापक रवीन्द्रप्रसाद कुसीले तालिमको आवश्यकता र औचित्यमाथि प्रस्ट पार्नुभयो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा